खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



बउवा संघको निर्वाचन
पृष्ठ ३ मा

वर्ष १ | अंक ४२ | २०७९ साल पुस ६ गते बुधवार | Wednesday 21, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

# सत्ता प्रवेशको तयारीमा डा. सिके राउत

मधेशदृष्टि
सप्तरी, पुस ५।

जनमत पार्टी अध्यक्ष डा. सिके राउत यतिबेला सत्तामा सहभागि हुने तयारीमा जुटेका छन् ।

सप्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका उनी केन्द्र र मधेश प्रदेशमा बन्ने सरकारमा सहभागि हुन तयारी थालेका हुन् ।

सत्ता प्रवेशका लागि पहिलो चरणमा उनी सत्ता गठबन्धन दलका नेताहरु संग भेटघाट गरे । नेपाली काँग्रेसका सभापति एवं प्रधानमन्त्री शेरवहादुर देउवा, गृहमन्त्री बालकृष्ण खाण, काँग्रेसका प्रवक्ता प्रकाशशरण महत, विमलेन्द्र निधि सहित नेकपा मओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड संग सत्ता सहभागिता बारे राउत भेटेरै छलफल गरे ।



राउतको भेटघाट र छलफलले उनी नेपाली काँग्रेस नेतृत्वको सत्ता गठबन्धन सरकारमा जाने संकेत गरिसकेको छ । डा. राउतलाई अब बन्ने सरकारमा जानुको विकल्प नरहेको बताउँछन् बरिष्ठ अधिवक्ता एवं विश्लेषक अवधेश कुमार सिंह ।

मधेशको राजनीतिलाई नजिकबाट नियाल्दै आएका सिंहले जनता संग गरिएको प्रतिवद्धता पुरा गर्न जनमत पार्टीलाई सरकारमा जानुपर्ने बताए ।

“संघ र मधेश प्रदेश प्रदेशमा जनमत पार्टीलाई सरकारमा जानुपर्छ, तर डा. राउत आफू बाहिर रहेर आफ्ना सांसदलाई संघीय सरकारमा पठाए उपयुक्त हुनेछ” उनले भने ।

विश्लेषक सिंहले मधेशको मुद्दा जिवित राखेर डा. राउतलाई सरकारमा जान सुझाएका छन् । उनले आवश्यकता परे सरकारबाट फिर्ता हुन सम्मको रणनीतिका साथ सत्तामा सहभागिता जनाउन सुझाव दिए ।

“उपेन्द्र सत्तामा गएर मधेशको मुद्दा विर्सेको कारण जनताले उनको पार्टीको साईज घटाएको छ, डा.राउतले त्यस्तो गर्नु हुँदैन् । सत्तामा जानुपर्छ तर, ‘एजेण्टा’ अनुसारको काम गर्न नसक्ने अवस्था आए सरकारबाट फिर्ता भएर जनतामा जान पनि तयार बस्नु पर्छ” सिंहले भने ।

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले पनि आफ्नो पार्टी सरकारमा जान तयारी गरिरहेको बताएका छन् । मधेशदिृष्ट संग कुरा गर्दै उनले नेपाली काँग्रेसको नेतृत्वमा बन्ने सकारमा सहभागि हुने संकेत गरेका छन् । “नेपाली काँग्रेसको नेतृत्वमा बन्ने सरकारमा जाने सम्भावना छ, हाम्रो पार्टी निर्णायक शक्ति भएकोले अरु विकल्प पनि खुल्ला छ” राउतले भने, “सरकारमा जान सकारात्मक छु ।”डा.राउतले केन्द्रमा कुन मन्त्रालय लिने बारे स्पष्ट नपारे पनि विश्लेषक सिंहले जनमत पार्टी केन्द्रमा कृषि र उद्योग मन्त्रालय लिएर सरकारमा सहभागि भए राम्रो हुने बताए । किसानको समस्या र रोजगारीका अवसर सृजना गर्न जनमत पार्टीलाई यी दुवै मन्त्रालयको आवश्यकता रहेको विश्लेषक सिंहको भनाई छ ।

मधेश प्रदेशमा मुख्यमन्त्रीको दावी प्रस्तुत गर्दै आएका राउतले शिक्षा, स्वास्थ्य र रोजगारीको अवसरका लागि अर्थ, सामाजिक विकास र भौतिक पुर्वाधार मन्त्रालय लिन इच्छुक रहेको बताए । विश्लेषक सिंहले भने मधेश प्रदेशमा राउतले चाहेका तीनै मन्त्रालय दिए मुख्यमन्त्रीको दावी छोड्न सक्ने तर्क गरे । “अर्थ, सामाजिक विकास र भौतिक मन्त्रालय पाउनका लागि मुख्यमन्त्री ‘वार्गेनिङ्ग प्वाइन्ट’ हुन सक्छ” सिंहले भने ।

# बन्दोबस्तीका सामानसहित ५ जना वन्यजन्तु शिकारी नियन्त्रणमा

**वन्यजन्तु शिकारीमा ल्याडकुज्रर गाडी, हतियार,नाईन भिजन क्यामरा, लगायतका सामान प्रयोग हेर्दा ठुलो माफियाको संग्लनता हुनेसक्ने आशंका**



शारदा पोखरेल
बारा, पुस ५ ।

पर्सा राष्ट्रिय निकुञ्ज गस्ती टोलीले निकुञ्जको कोर क्षेत्रबाट वन्यजन्तु चोरी शिकारी गरिरहेको अवस्थामा बन्दोबस्तीको सामान सहित ५ जना शिकारी नियन्त्रण लिएको छ ।

निकुञ्जको पर्सा क्षेत्रको जमुनिया खोला नजिकैबाट ५ जना वन्यजन्तु शिकारी,२ लाख ९० हजार ६७० नगद रकम ल्याडकुज्रर र बरेलो गाडी, मृत पोथी जरायो, भाले जरायोको सिंङ, १२ बोरको बन्दुक १ थान, १२ बोरको राउन्ड १ वटा, २२ राउण्ड गोली, हतियार राख्ने झोला २ वटा, हतियारको अन्य डकुमेन्ट, नाईट भिजन क्यामरा, टेलिस्कोप, रबरको टेलिस्कोप, ब्याट्री कर्पाटमेन्ट, टर्च लाईट, मावाईल (आईफोन) ३ थान, मदिरा र अन्य कागजपत्रहरु रहेको निकुञ्जले जनाएको छ ।

वन्यजन्तु चोरी शिकारीमा काभ्रेपलाञ्चोक जिल्ला साविक नासिका गाविस घर भएका अन्दाजी ५७ वर्षका दामोदर अधिकारी, बारा जिल्ला साविक प्रसौना गाविस अकुनिया गाँउका ४६ वर्षिय बिशाल सहनी, बारा प्रसौनी १ का ३७ वर्षिय कापसदास थारु,बारा सखुवा प्रसौनीका ४४ वर्षिय नवराज बस्नेत, र जिल्ला नखुलेको रिटावल गाविस ८ टावलका ५२ वर्षिया मालदोङ तमाङ रहेको पर्सा राष्ट्रिय निकुञ्जले जनाएको छ । निकुञ्जका रेन्जर बिष्णु पौडेलको नेतृत्वमा सेना सहितको टोलीले सोमवार राती प्राप्त सूचनाका आधारमा करिव ४ घन्टाको मेहनतपछि बस्दोबस्तीको सामान सहित चोरी शिकारीलाई नियन्त्रणमा लिन सफल भएको हो ।

चोरी शिकारीमा ल्याडकुज्रर, बरेलो गाडी, नाईट भिजन क्यामरा,चिया कपी देखि मदिरा, आईफोन सम्म बरामत हुदाँ यो घटनामा सामान्य व्यक्तिको नभई ठुलो माफियाको संग्लनता हुनसक्ने निकुञ्जका सूचना अधिकारी सुर्य खड्काले जनाएका छन् । पर्सा राष्ट्रिय निुकञ्ज भित्र वन्यजन्तु सहित यति ठुलो परिणाममा बस्दोबस्तीको सामान र शिकारी नियन्त्रणमा लिएको सम्भवत यो दोस्रो घटना भएको निकुञ्जले जनाएको छ । यसअघि मकवापुर क्षेत्रमा वन्यजन्तु शिकारीसँग निकुञ्ज सेनाको दोहोरो फाईरिङ समेत भएको थियो । रेन्जर बिष्णु पौडेलले सोमवार राती भएको घटनामा निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई टेकेर अनुसन्धान तथा कारवाही अगाडी बढाईने जनाएका छन् ।

# मधेश प्रदेश सभाको पहिलो बैठकको अध्यक्षता न्यौपानेले गर्ने

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।

मधेश प्रदेश सभाको पहिलो सभाको अध्यक्षता गोविन्द बहादुर न्यौपानेले गर्ने भएका छन ।

सप्तरी ४ (१) बाट निर्वाचित न्यौपाने प्रदेश सभामा निर्वाचित सबै सदस्यभन्दा उमेरमा ज्येष्ट भएको कारण प्रदेश सभाको पहिलो बैठकको अध्यक्षता उनले गर्ने प्रदेश सभा सचिवालयले जनाएको छ ।

मधेश प्रदेश सभाको ज्येष्ट सदस्यको रुपमा प्रदेश प्रमुख हरिशंकर मिश्रबाट ७१ वर्षिय न्यौपानेले नै लिने भएका छन । प्रदेश प्रमुखबाट शपथ ग्रहण गरेपछि त्यसपछि उनी अन्य सदस्यहरुलाई शपथ ग्रहण गराउनेछ ।



ज्येष्ट सदस्यबाट शपथ ग्रहण गरेपछि प्रदेश सभा सदस्यहरुले औपचारिक रुपमा कार्य शुरु हुनेछ । प्रदेश सभा सदस्यहरुको शपथ ग्रहणपछि सरकार गठन हुनेछ भने त्यसपछि ती गठित सरकारको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभाको पहिलो बैठक डाक्ने प्रदेश सभा सचिवालयका सचिव रञ्जित यादवे जानकारी दिएका छन ।

उनले भने प्रदेश सभाको पहिलो कहिले बस्ने अहिले टुंगो लागेको छैन । प्रदेश प्रमुखबाट ज्येष्ट सदस्यले पहिला शपथ ग्रहण गरी अन्य - बाँकी पृष्ठ ७ मा

# स्कूल जान्छु भनेर हिडेकी रिता न स्कूल पुगिन् न घरनै फर्केर आईन

विनय कर्ण
सप्तरी, पुस ५ ।

मंगलबार विहान घरबाट साईकल चढेर पढ्न कन्छु नरप्रताप मावि नकटी रायपुर हिडेकी कक्षा ६ मा अध्यनरत १२ बर्षीया बालिका घर फर्केर आउँदिनन् भने कसैले कल्पना पनि गरेको थिएनन् ।



रुपनी गाउँपालिका वाडा नम्बर १ बस्ने उनी न विद्यालय पुगिन् न त घर नै फर्केर आईन् । विद्यालय जाँदै गरेको अवस्थामा विहान साढे नौ बजे राजविराज तर्फबाट रुपनी जाँदै गरेको टिपरले रुपनी चोक देखि सय मिटर दक्षिण उनलाई ठक्कर दिएपछि घट्नास्थलमै उनको मृत्यू भयो । टिपरले दिएको ठक्करबाट उनको मृत्यू भएको भनिएपनि एक प्रत्यक्षदर्शीले रितालाई ‘ गाडी व्याक’ गरि किचेर चालकले मारेको बताएका छन् । “रिता साईकल चढेर स्कूल जाँदै थिईन, टिपरको हावा लागेर उनी लडिन, अनी मलाई केही भएको छैन् भन्दै उठ्दै थिईन् तर टिपर चालकले गाडी व्याक’ गरि उनलाई किचेर मार्यो” प्रत्यक्षदर्शी रविना कुमारी यादव्ले भनिन् । कन्छु नरप्रताप मावि मै कक्षा १० मा अध्ययनरत उनी चालकले जानी जानी किचेर मारेको बताईन् । सोही विद्यायलयमा कक्षा १० मा अध्ययनरत

- बाँकी पृष्ठ ६ मा



# चिसोले कठ्याङ्गिएर सर्लाहीमा २ को मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
चिसोले कठ्याङ्गिएर सर्लाहीको हरिपुर नगरपालिका-९ पिडारीमा दुई साताको अवधिमा मुसहर समुदायका दुई जनाको ज्यान गएको छ । मृत्यु हुनेहरुमा हरिपुर नगरपालिका-९ पिडारीका ५० वर्षीय रमेश माझी र हरिपुर नगरपालिका ६ लक्ष्मीपुर कोद्राहका ६४ वर्षीय रामभगत माझी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । ज्याला मजदुरीको काम गर्ने पिडारीका रमेश मङ्सिर २५ गते धान काट्ने काम गरेर घर आएपछि पराल ओछ्याएर सुतेकामा त्यहीँ चिसोले कठ्याङ्गिएर ज्यान गएको पीडित परिवारले जनाएको छ ।



केही वर्षअघि जनता आवास कार्यक्रम अन्तर्गत प्रदेश सरकारले जस्ताले छाएको दुई कोठे घर निर्माण गरिदिएको थियो । दुई कोठामध्ये एउटा कोठा दाइ मोती माझी र अर्को कोठा रमेशले अंशबण्डा गरेका थिए । बस्न कोठा भएपनि जाडो छल्न न्यानो कपडा र सिरक डसना लगायतका सामाग्री नभएका कारण भूईमै परालमा सुत्दै आएका थिए ।
एउटै कोठामा मृतक रमेश, उनकी श्रीमती चन्दु माझी, जेठो छोरा पङ्कज र बुहारी आँचल र कान्छो छोरा कृष्णनन्दनसहित पाँच जना बस्दै आएका थिए । किरियापुत्री बसेका कान्छो छोरा १६ वर्षीय कृष्णनन्दन माझीले बस्न घर त थियो तर ओढ्ने ओछ्याउने नभएकाले भुइँमा पराल ओछ्याएर सुत्दा बुवाको त्यही कठ्याङ्गिएर ज्यान गएको दुखेसो सुनाएका छन ।
स्थानीय मुसहरको पनि लगाउने न्यानो कपडा र ओढ्ने ओछ्याउने नहुँदा समस्या रहेको हरिपुर नगरपालिका-९ पिडारीका वडाध्यक्ष विश्वनाथ रायले बताएका छन । रमेशको चिसोले कठ्याङ्गिएर मृत्यु भएको बारे आफूलाई पनि कसैले जानकारी नगराएको वडाध्यक्ष रायले भने । उनले चिसो प्रभावितका विपन्न समुदायका लागि गैरसरकारी संस्थासँग समन्वय गरी कम्बल बाँड्ने तयारी गरिरहेको बताएका छन ।

# विस्थापित हुँदै खपडाले छाएका घर

विकास अग्रवाल
रौतहट, ८ पुस ।
मधेशलाई चिनाउने अधिकांश परम्परागत मौलिक वस्तुमध्ये खपडाले छाएको घर अहिले आधुनिक युगसँगै विस्थापित हुन थालेको छ ।



आधुनिकताको प्रभावसंगै पछिल्लो समय खपडा उत्पादनको लागि स्थानीयस्तरमा पाइने साधन र स्रोत मासिँदै गएपछि खपडाको छानो भएको घर पनि विस्थापित हुँदै गएको हो ।
मधेशमा अहिले केही पुराना घर बाहेक नयाँ बनेका घरमा खपडाको छानो हालेको देखिदैन । पक्की ढलान, जस्तापाता वा टायलले छाएको घर जताततै देखिन्छ अचेल । गुजरा नगरपालिका भवानीपुरका जेष्ठ नागरिक जयनन्द चौधरी भन्नुहुन्छ, “विशेष गरी मधेशी समुदायका नागरिकको घर खपडाले छाएको हुन्थ्यो । मधेशमा खपडा बनाउने सिप भएका जनशक्तिले समेत पेशा बदलेको कारण खपडा उत्पादनमा ह्रास आयो र त्यसको विकल्पमा ढलान, जस्ता वा टायलले प्राथमिकता पायो ।”
‘खपडा माटोबाट बनाइनेहुँदा जाडो याममा नचिसिने र गर्मी याममा नतात्ने गुण भएपनि असिना पर्दा फुट्ने र हुरीले छानाबाटै झारिदिने भएकोले पछिल्लो पुस्ताको रोजाइमा खपडा नपरेको हो’, राजपुर नगरपालिका-४ का शेखजबिब मियाँ भन्नुहुन्छ, “एक पटकको लगानीमा ढलान, जस्ता वा टायल वर्षौं वर्षौं टिक्छ तर खपडाको छानो वर्षेनी मर्मत गर्नै पर्छ । यस्तो अवस्थाले गर्दा खपडाको प्रयोग घट्दै गएको हो ।”
यता खपडा बनाउने सिप भएका चन्द्रपुर नगरपालिका-६ का रामजीवन पडित भन्नुहुन्छ, “खपडा बनाउन आवश्यक पर्ने माटो, काँचो खपडा पोल्न चाहिने पराल र दाउरा पहिला स्थानीयस्तरमै सहजरुपमा पाइन्थ्यो । अहिले पैसा तिर्दा पनि सहज उपलब्ध हुँदैन । बजारमा पाइने जस्ता र टायल भन्दा पनि महङ्गो पर्न जाने र बढ्दो शहरीकरणसंगै पछिल्लो पुस्ताको रोजाईमा खपडा पर्न छोडेपछि पेसा सङ्कटमा परि आयआर्जनमा कमी आउने डरले अन्य पेसामा लागेको छु ।”
मधेशको मौलिक पहिचानकोरुपमा रहेको खपडाको छानो मात्र नभइ अन्य कला संस्कृति पनि लोप हुँदै गएको कारण कालान्तरमा मधेशको पहिचान नै ओझेलमा पर्न सक्ने शिक्षाविद् योगेन्द्रप्रसाद यादवको अवधारणा छ ।
उहाँकाअनुसार स्थानीय सरकारले परम्परागत सिपको संरक्षण र पेसागत हितको बारेमा केही ठोस् कदम चाल्नु पर्ने हुन्छ । जसलेगर्दा परम्परागत मौलिक वस्तुको लोप नहोस् ।

# विप्लवका कार्यकर्ताहरुले गरे चक्काजाम

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयनका माग गर्दै नेत्रविक्रम चन्द्र विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले धनुषाको विरेन्द्र बजारमा चक्काजाम गरेका छन ।
पार्टीको केन्द्रीय कार्यक्रम अनुसार विप्लवका कार्यकर्ताहरुले मंगलवार बिहान १० बजेदेखि ११ बजेसम्म १ घण्टा पूर्व-पश्चिम राजमार्गमा चक्का जाम गरेका छन् । सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयनका लागि सरकारले ल्याएको अध्यादेश राष्ट्रपति विद्यादेवी भण्डारीले रोक्न खोजेकाले त्यसको विरोधमा चक्का जाम गरिएको पार्टीका कार्यकर्ता सन्तोष ‘सि’ले जानकारी दिएका छन । विप्लव नेतृत्वका कार्यकर्ताले सोमबार साँझ विरेन्द बजारमा राँके जुलुस समेत निकालेका थिए ।




राँके जुलुसका सहभागीहरुले ‘अध्यादेश प्रमाणीकरण हुनुपर्ने, बन्दीहरू रिहा गरिनुपर्ने, सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयन गरिनुपर्ने’ माग राख्दै नगरपरिक्रमा गरेका थिए ।
उनीहरुले राजबन्दी रिहा गर, अध्यादेश प्रमाणीकरण गर, तीन बुँदे सहमति कार्यान्वयन गर, झूटा मुद्दा खारेज गरलगायतका नाराहरूसमेत लगाएका छन ।


S S Product

## माधो एग्रो धान थ्रेसर



**तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने**

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

**कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् । नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।**

**माधो एग्रो थ्रेसरको विशेषताहरू:**

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

*शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९



## बिमा पोलिसी पेपर हराएको सूचना

यहि मिति २०७९/०८/०५ गतेका दिन जनकपुरधाम वडा नम्बर १२ बस्ने हरि पण्डित कुम्हारको नाममा रहेको पोलिसी नं. १७००२०१९१ एल.आई.सी. बीमाको बोण्ड पेपर घरबाट अफिस जाने क्रममा हराएको छ । कसैलाई फेला परेमा मोबाइल नं. ९८२२०५२६०१ मा जानकारी गराई दिनु हुन अनुरोध छ ।

सम्पर्क:
हरि पण्डित कुम्हार
सम्पर्क नं. ९८२२०५२६०१


# बृन्दावन नपामा अल्ट्रासाउन्ड सेवा हुरु हुने

मुकेश कुमार साह
रौतहट ५,पुस
बृन्दावन नगरपालिकामा गर्भवती महिलाको लागि सहज बनाउन प्रोटेबल अल्ट्रासाउण्ड मेसिन को सेवा शुरु भएको छ ।बृन्दावन नगरपालिकाका मेयर बिनोद प्रसाद कुर्मीले गर्भवती महिलाहरुको चेकजाँचमा धेरै समस्या भइरहेकोले आपूर्ति व्यवस्थापन महाशाखाबाट प्रोटेबल अल्ट्रासाउण्ड मेसिन नगरपालिकाले उपलब्ध गराएको बताए । बृन्दावननगरपालिकाको गर्भवतीमहिलाहरुलाई आफनो स्वास्थ्य र गर्भमा रहेको बच्चाको बारे जानकारी लिन धेरै अप्ठयारो भईरहेको अवस्थामाआपूर्ति व्यवस्थापनमहाशाखाले एक थानप्रोटेबल अलट्रासाउण्ड उपलब्ध गराएको हो । मेसिन को १५ लाखमुल्य पर्ने जनाइएको छ । उपकरण पाएपछि गर्भवती महिलाहरुले सो सेवाकालागि चन्द्रपुर, गरुडा, गौर, वीरगंजवा काठमाडौँ जानुपर्ने वाध्यता हटेको नगरपालिकाका मेयर बिनोद प्रसाद कुर्मीले बताए ।
अल्ट्रासाउण्ड सेवाले ग्रामीण क्षेत्रमा गर्भवती, सुत्केरी आमा र नवजात शिशुको मृत्यु दर कम गर्न तथा जोखिमको अवस्था समयमै थाहापाएर उपचार सेवालिन सहजहुने मेयर कुर्मीले बताए । अल्ट्रासाउण्ड सेवा प्रवाहकालागि नगरपालिकाम ।दुई जना तालिम प्राप्त स्वास्थ्यकर्मी रहेका छन् ।

# वैदेशिक रोजगारमा गएका ७ सय नेपालीमा जेलमा

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
वैदेशिक रोजगारीमा गएका ७ सय भन्दा बढी नेपाली जेलमा रहेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सार्वजनिक गरेको नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२२ का अनुसार ६९६ पुरुष र ३९ जना महिला गरेर ७३५ नेपाली विभिन्न जेलमा रहेका जनाइएको छ । सन् २०२१-०२२ मा सबैभन्दा बढी ३४७ जना पुरुष र २४ जना महिला गरी ३७१ जना युनाइटेड अरब इमिरेट्स (यूएई)को जेलमा रहेका मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मन्त्रालयका अनुसार साउदी अरेबियाको जेलमा १२७ जना पुरुष र १ जना महिला गरेर १२८ जना, मलेसियाको जेलमा ९६ जना पुरुष र २ जना महिला गरी ९८ जना रहेको छ। प्रतिवेदन अनुसार आर्थिक वर्ष २०२०-०२१ मा १७० जना पुरुष मलेसियाको जेलमा रहेका थिए भने १३४ जना पुरुष र ५ जना महिला गरी १३९ जना युएईको जेलमा रहेका थिए । उक्त तथ्यांकमा २०२०-०२१ को तुलनामा २०२१-०२२ मा यूएईको जेलमा नेपालीको संख्या बढेको छ भने मलेसियामा घटेको भनिएको छ ।

# आफ्नै घरमा आगो लगाउँदा १५ लाखको क्षति

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
सर्लाहीको हरिपुर नगरपालिकामा मानसिक सन्तुलन ठीक नभएका एक युवकले आफ्नै घरमा आगो लगाएका छन् ।
सो आगलागीमा १५ लाख रुपैयाँभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ । जिल्लाको मध्यभागमा पर्ने हरिपुर-२ सानो जगतपुरका कुम्भमाया बराल न्यौपानेका छोरा दीपक न्यौपानेले सोमबार राति आफ्नै घरमा आगो लगाएको हो ।
इँट्टा र काठले बनेको दुईतले घर पूर्णरूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक विजय कुँवरले जानकारी दिएका छन । आगलागीबाट घरसहित घरभित्र रहेको अन्न, कपडा, भाँडा र नगदसहित सम्पूर्ण सरसामग्री जलेर नष्ट हुँदा १५ लाख रुपैयाँभन्दा बढीको क्षति भएको उनले बताए ।
दिपकले आफै घरमा आगो लगाएको कुरा आइरहेको छ । तर वास्तविक के हो भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरी निरीक्षक कुँवरले बताए । आगलागी स्थानीय, प्रहरी र हरिवन नगरपालिकाबाट गएको दमकलको सहयोगमा नियन्त्रण लिएर ठूलो दुर्घटनाबाट जोगाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# दलित सरोकार सम्वद्ध संघ संगठनको आक्रोस

डम्बर राई
सप्तरी, पुष ५ ।
दलितको हकहीतसंगै कानुनमा प्रावधान भएअनुसार नगरपालिकाले सेवा सुविधाबाट बञ्चित गराउनुको साथै नगर प्रमुख ललन प्रसाद गुप्ताले हेपेर अपशब्द प्रयोग गरेको भन्दै दलित सरोकार मञ्चले आक्रोस व्यक्त गरेका छन् । दलित सरोकार मञ्च आवद्ध विभिन्न संघ संगठनले मंगलवार जारी गरेको प्रेस विज्ञप्तीमा पालिकाका १६ हजार दलितको अपमान गरेको उल्लेख छ ।

केहि दिन अगाडी छुट्टाछुट्टै समयमा मृत्यु भएका दलितहरु माथी नगरप्रमुखले चेतनाको कमी र रक्सी सेवनका कारण देखाए पछि दलित सम्बद्ध संगठनहरु प्रेस विज्ञप्ती जारी गर्दै आक्रोसमा आएका हुन् । मृतक परिवारजनले सहयोगको माँग राख्दै आएपनि नगर प्रमुख गुप्ताले कुनै चासो नदिदा पिडितहरुले आफ्ना समस्यालाई उजागर गर्नेक्रममा समाचार सम्प्रेशन भएको थियो । समाचारलाई हेरेर गुप्ताले पुष ३ गते विज्ञप्ती जारी गर्दै रक्सी सेवन र चेतनाका कमीले उनिहरुको मृत्यु भएको आरोप लगाएका छन् । कञ्चनरुप नगरपालिका ८ का ३७ बर्षिय सुरज सदा, चन्दु सदा, वविता पासवान र ९ रघुनाथपुरका ३९ बर्षिय भिखो खंगले उपचार नपाएर ज्यान गुमाउनु परेको जनाइएको छ ।

नगरपालिकाले कानुनत दलित तथा विपन्न वर्गलाई छुट्टयाइएका सेवा सुविधा समयमा नपाउदा औषधी उपचार गर्न नपाई उनिहरुले ज्यान गुमाउनु परेको संगठनको दावी छ । मृत्यु भएकाहरु मध्ये कसैकापनि आफ्ना नीजि जमिनमा घर छैन । साथै वसोवास गर्दै आएका घरको अवस्था कमजोर यस्तो छकी ढोका समेत छैन । दलित सम्वद्ध डेढ दर्जन संगठनका अध्यक्ष तथा प्रतिनिधिको हस्ताक्षरमा जारी विज्ञप्तीमा भनिएको छ संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिकरुपले विपन्न असक्त र असहाय अवस्थामा रहेका असहाय, एकल महिला, अपाङ्गता भएका वालवालिका, आफ्नो हेरचाह गर्न आफै नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख छ ।

यस्तै गरी संविधानको धारु ३५ मा कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनिएको कुरालाई उठान गर्दै आधारभूत स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको मौलिक अधिकार छ तर यसलाई नगरपालिकाले मिचेको विज्ञप्तीमा उल्लेख छ । जनस्वास्थ्य ऐन २०७५ को परिच्छेद २ मा सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्वको विषयमा उल्लेख रहेको स्पष्ट पार्दै ऐनको दफा ३ मा भनिएको कुनैपनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन तर संविधान र ऐनले गरेका सामान्य व्यवस्थासमेत कार्वान्वयन नहुँदा कञ्चनरुपमा अति विपन्न मधेशी दलित उपचारकै अभावमा मृत्यु भएको घटना सार्वजनिक भएका छन् ।

नगर प्रमुख गुप्ताले विपन्नका लागि विभिन्न कार्यक्रम गर्न बजेट विनियोजन गरेको र कार्यक्रम कार्वान्वयनमा दावी गरेपनि गुप्ता दलित विपन्न समुदाय विरोधी गतिविधिमा लागेको संगठनको ठहर छ । कोभिडको महामारीबाट प्रभावित विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ अनुसार गत आर्थिक बर्षको पुष मसान्तमा कोरोनाबाट पिडित एक हजार दुईसय २१ विपन्न परिवारका लागि प्रति परिवार १० हजारका दरले एक करोड २२ लाख १० हजार रकम पालिकामा भएपनि जानि जानि खर्च नगरी विपन्नलाई राज्यबाट प्राप्त अधिकार र सेवाबाट बञ्चित गराएको भन्दै घटनाको निन्दा समेत गरेका छन् ।

गुप्ताले आफ्नो चुनावी घोषणा पत्रमा गरीव, विपन्न, जेष्ठ नागरिक तथा महिला स्वास्थ्य स्वयं सेविका परिवारलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था मिलाइने उदघोष गरेका थिए । त्यसैगरी दिर्घ रोगी नसर्ने रोगबाट पिडितलाई मेयर कार्यक्रम संचालनमा ल्याइनुको साथै जीवन निर्वाह गर्न मासिक भत्ताको व्यवस्था मिलाउने उल्लेख गरेको थियो । तर आज आठौं महिना बितिसक्यो नगरप्रमुख भएर बसेको दलित विपन्न वर्गका लागि उनको आफुनो अतिरिक्त कार्यक्रम बाहेक कानुनमा निर्धारण भएको पनि दवाएर राखेको विज्ञप्तीमा जनाइएको छ ।

उपचारका अभावमा मृत्यु भएका परिवारलाई नगरपालिकाको विपन्न नागरिक सहयोग कोषबाट प्रदान गर्ने पाँच हजार रकम समेत उपलब्ध गराउन नसक्नुले चुनावी प्रतिवद्धता विपन्न दलित नागरिकलाई दिग्भ्रमित गरी मत लिने कडिको रुपमा मात्र लिइएको दलित संगठनको ठहर छ । अन्तमा नगर प्रमुख गुप्ताले आर्थिक सहयोग गर्नुको साथै मदिरा सेवन र चेतनाको कारण मृत्यु भएको कुरा आत्मआलोचना सहित फिर्ता लिनुपर्ने भन्दै आत्मआलोचना सहित फिर्ता नलिइए चरणवद्ध आन्दोलनमा जाने उल्लेख गरेका छन् । साथै नगरपालिकामा अब कुनैपनि विपन्न दलितको यस्ता घटनाबाट ज्यान गुमाउन नपरोस् त्यसका लागि ठोस दिर्घकालिन नीति बनाएर कार्वान्वयन गर्न जोडदार माँग समेत गरेका छन् ।

यता नगर प्रमुख गुप्ताको अनुसार केहि समय अगाडी हो र उनिहरु उपचारकै क्रममा मृत्यु भएको हो । भिखोको उपचार काठमाण्डौमा उपचार गर्दा गर्दै मृत्यु भएको हो भने सुरज लामो समयदेखि विरामी परेका रोगी हुन उनलाई क्यान्सर थियो । उपचार गरेर उपचार नै हुन नसक्ने रोगीहरुको मृत्युको सारा दोष नगरपालिका हुननसक्ने नगर प्रमुख गुप्ताको भनाई छ ।

# बर्दिबास उद्योग वाणिज्य संघको निर्वाचन सम्पन्न



मधेशदृष्टि
जनकपुरधाम, महोत्तरीको बर्दिबासस्थित बर्दिबास उद्योग वाणिज्य संघको नयाँ कार्यसमितिका लागि मतदान सम्पन्न भएको छ । करिब १० वर्षपछि भईरहेको नयाँ कार्यसमितिको चुनाव कडा सुरक्षाबीच बर्दिबास सेवा समितिको प्राङ्गण मतदान भएको हो ।

बिहान ८ बजेदेखि दिउंसो ५ बजेसम्म भएको मतदानमा १ हजार ४७३ मत खसेको निर्वाचन समितिका संयोजक अधिवक्ता टिकाध्वज खड्काले जनाएको छ । अध्यक्ष पदका लागि तीनजना उम्मेदवार चुनावी मैदानमा छन् । विष्णु बहादुर खड्का, कृष्णप्रसाद गौतम र विष्णुबहादुर खड्का प्यानलसहित चुनावी मैदानमा छन् भने जागेन्द्र श्रेष्ठले अध्यक्षमा मात्रै उम्मेदवारी दिएका छन । गौतम प्यानलको दियो, विष्णु प्यानलको किताब र जागेन्द्र शंख छाप चुनाव चिन्ह रहेको छ । एक अध्यक्ष र १२ सदस्य गरी १३ पदका लागि चुनाव भएको हो, मतदान सकिएपछि आजै साँझ ८ बजेदेखि मतगणना हुने निर्वाचन समितिका संयोजक अधिवक्ता खड्काले बताएका छन । अध्यक्ष पदका उम्मेदवार विष्णुबहादुर खड्काको प्यानलबाट सदस्यहरुमा उत्तम श्रेष्ठ, गुन्जबहादुर कार्की, सन्तोष श्रेष्ठ, बद्रिप्रसाद हुमागाई, रुद्रबहादुर किङरिङ्ग, सन्तोष सिग्देल, विष्णुदेव उपाध्याय, सैलेश दाहाल, रन्जितराज ढुंगाना, चौधरी महतो, नसिफ नदाफ र सुरज खड्काले उम्मेदवारी दिएका छन् । अर्का कृष्णप्रसाद गौतमको टीमबाट सदस्यहरुमा दिपेन्द्र पराजुली, सन्तोषमणि घिमिरे, फणिन्द्रराज भट्टराई, रामनाथ साह, दिपक कार्की, दिनेश श्रेष्ठ, बेचु बल, चन्द्रबहादुर खड्का, उषा ढकाल, अशोक महतो, पवन ढुंगाना र अताबुल नदाफ चुनावी मैदानमा उम्मेदवार रहेका छन् ।

# प्रतिनिधि सभा सदस्यका ज्येष्ठ सदस्य पशुपति शम्सेर जबरा

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
बुधवार प्रतिनिधि सभाको जेष्ठ सदस्यको रुपमा ८१ वर्षीय पशुपति शमशेर जबराले शपथ ग्रहण गर्ने भएका छ ।

जबराले राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ लिने भएका छन् । राष्ट्रपति कार्यालयले जबरालाई बुधबार दिउँसो १ बजे शपथ ग्रहण गराउने कार्यक्रम तय भएको छ । संसद् सचिवालयले प्रतिनिधि सभाका नवनिर्वाचित सांसदको शपथ ग्रहण गर्न ज्येष्ठ सदस्य छनोट गरेको थियो । राणा ८१ वर्ष १० दिन हुँदा उनी नै प्रतिनिधि सभामा ज्येष्ट सदस्य ठहर भएको हो । नागरिकता अनुसार माओवादीका महिन्द्र राय यादव देखिएपनि उनको नागरिकतामा त्रुटी रहेको भन्दै सपथ खुवाउन यादवले अनिच्छा गरेपछि राणा ज्येष्ठ सदस्य ठहर भएको बताइएको छ । यादवले नागरिकतामा जन्म मिति सच्चाउन निवेदन दिए पनि नसच्चिएको बताउँदै शपथ लिनबाट इन्कार गरेका थिए ।

सांसदहरुको जन्म मितिका आधारमा जबराको नाम राष्ट्रपति कार्यालयमा सोमबार पठाएपछि सोही अनुसार उनको सपथ अनुसार बुधबार सपथको मिति तोकिएको राष्ट्रपतिका प्रमुख स्वकीय सचिव डाक्टर भेषराज अधिकारीले जनाएको छ । राणाले बुधबार राष्ट्रपतिबाट शपथ लिएपछि बिहीबार उनी बाँकी सदस्यलाई संसद भवन नयाँ बानेश्वरमा सपथ गराउनेछन् ।



# रामानन्द युवा क्लबद्वारा ३ श्रष्टा सम्मानित

## शिक्षा, स्वास्थ्य र किसानको समस्या आफ्नो प्रमुख मुद्दा : राउत

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
जनकपुरधामस्थित रामानन्द युवा क्लवले आफ्नो ३७ औं वार्षिकोत्सव तीन जना श्रष्टालाई सहित विभिन्न कार्यक्रम गरी मनाएको छ ।

क्लवले श्री विद्यापति स्मृति पदक पुरस्कारबाट यसवर्ष कवि काशीकान्त झा रसिक र श्री सरस्वती राजनारायण कला पुरस्कारबाट गायक तथा क्लवका पूर्वअध्यक्ष नविन कुमार मिश्रलाई पुरस्कृत गरेको छ । पुरस्कारको राशी क्रमशः २५ र १५ हजार रहेको जनाइएको छ ।

साथै गत वर्षको वार्षिकोत्सवमा पूर्वअध्यक्ष दिपेन्द्र ठाकुरले आफ्नो बुवाआमाको नाममा घोषणा गरेको वशिष्ठ चन्द्रकला पुरस्कार यसवर्षदेखि खेलकुदको क्षेत्रमा प्रदान गरेको छ । २१ हजार राशिको रहेको सो पुरस्कार युवा क्रिकेटर तथा राष्ट्रिय खेलाडी अनिल मण्डललाई प्रदान गरिएको हो । सो पुरस्कार, सम्मान र प्रमाणपत्र कार्यक्रमका प्रमुख अतिथि जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले प्रदान छन भने पुरस्कारको घोषणा गर्ने ठाकुर अहिले नेकपा एमालेको तर्फबाट मधेस प्रदेशको प्रदेशसभा सदस्य पदमा निर्वाचित भइसकेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले शिक्षा, स्वास्थ्य, रोजगार र किसान आप्नो पार्टीको प्रमुख मुद्दा रहेको बताए ।

प्रतिनिधीसभा सांसदमा सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट निर्वाचन सांसद डा. राउतले आफुहरु धेरै काम गर्ने तर्फन लागि शिक्षा, स्वास्थ्य, रोजगार र किसानको हितमा १० प्रतिशत मात्र पनि गर्न सके सफलता बुझ्ने बताए ।

जनकपुरधामको हरेक अगुवा, संघसंस्थाहरुको भाषणमा राजर्षि राजा जनक र याज्ञवल्क्यको भुमि भनेर शानका साथ भनिने गरेपनि जनकपुरधामको शिक्षा र बौद्विकताको स्तर कहाँ छ ? भन्ने मापन कसैले गम्भिरतापुर्वक नगरेको तर्क गर्दै उनले सबै दिन म ज्ञानको भुमिको मान्छे भनेर मात्र हुँदैन ज्ञानको स्तर कति र किन भन्ने कुरा पता लगाएर काम गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य सतिश सिंहले जनकपुरधामको युवा क्लवहरु धार्मिक, सांस्कृती, भाषा, कला र साहित्यको क्षेत्रका पुरयाइरहेको योगदानको चर्चा गर्दै अव अझै समाजिक सुधारका काममा सहभागिता विस्तार गर्नुपर्ने बताए ।

# महासंघ शाखाद्वारा प्रजिअलाई ज्ञापन पत्र

डम्बर राई
सप्तरी पुष ५ ।
नेपाल पत्रकार महासंघ शाखा सप्तरीले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन् । नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय सदस्य अवधेश कुमार झालाई ज्यान मार्ने धम्की दिने अपराधिहरुलाई प्रहरीले पक्राउ गरी कार्वाही नगरेको भन्दै संघर्षको कार्यक्रम अनुसार मंगलवार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको हो ।

पत्रकार झाले मंसीर १७ गते कान्तिपुर दैनिकमा राजविराज नगरपालिकाले तोक आदेशमा कर्मचारी भर्ना शिर्षकको समाचार लेखेको थियो ।

सोही समाचारप्रति फेसबुकमा नसरुल राजा र मो. सजाद नामको फेसबुक आइडिबाट पत्रकार झाको तस्वीरमा क्रस चिन्ह लगाएर ज्यान मार्ने धम्की दिइएको भन्दै आवश्यक कारवाहीको माँग गर्दै २० गते। शखाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइएको थियो । तर प्रहरीले कुनै चासो नदिइएपछि पुष ४ गतेबाट १२ गतेसम्म संघर्ष कार्यक्रममा उत्रिएका छन् ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई संघर्ष कार्यक्रमको तालिका वारे जानकारी दिदै हस्तान्तरण गरिएको ज्ञापन पत्रमा दोषिलाई कारवाही र पिडितलाई न्याय दिलाई पाउँभन्ने उल्लेख छ ।

# सखुवा प्रसौनीवासीलाई निशुल्क रगत

मधेशदृष्टि
वीरगञ्ज, पुस ५।
पर्साको सखुवाप्रसौनी गाउँपालिकाबासीले निःशूल्क रुपमा रगत प्राप्त गर्ने भएका छन् । सखुवाप्रसौनी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी वीरगञ्ज पर्साबिच भएको सम्झौताबमोजिम त्याहाँका बासिन्दाका लागि आवश्यक पर्ने रगत निःशूल्क रुपमा प्राप्त गर्ने भएका हुन् ।

रक्तसञ्चार केन्द्र वीरगञ्जसँग भएको सम्झौतामा सखुवाप्रसौनीका बासिन्दालाई उपचारका लागि आवश्यक पर्ने रगत चिकित्सकको सल्लाहअनुसार प्रदान गर्न भनिएको छ भने त्यसको भुक्तानी गाउँपालिकाले नै गर्ने सम्झौता पत्रमा लेखिएको छ । त्याहाँका बासिन्दाले चिकित्सकबाट गरिएको सिफारिसको प्रतिलिपी रक्तसञ्चार केन्द्रमा दिएर रगत प्राप्त गर्न सक्नेछन् । यस्तै गाउँपालिकाका कर्मचारीको हकमा गाउँपालिका अध्यक्ष, स्वास्थ्य प्रमुख एवम् प्रमुख प्रशासकिय अधिकृतले सिफारिस गर्नुपर्ने छ भने सर्वसाधारणको हकमा पहिचान खुल्ने प्रमाणपत्र पेश गर्नुपर्नेछ । प्रत्येक महिनाको ५ गतेसम्म रक्तसञ्चार केन्द्रबाट बिरामीलाई उपलब्ध गराइएको रगतको हिसाव गाउँपालिकाको प्रतिनिधिलाई उपलब्ध गराइने पनि सम्झौता पत्रमा भनिएको छ । सम्झौतामा कुनै किसिमको फेरबदल गर्नु परेमा एक पक्षले अर्को पक्षलाई पूर्व जानकारी गराउनुपर्ने छ । रगतको ब्याग, क्रसमैच, ग्रुपिङ्ग एवम् परीक्षण वापत प्रति युनिट १ हजार ५० रुपैयाँ शूल्क गाउँपालिकाले नै तिर्ने सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यसवन्त यादवले बताए ।

**धोबीनी गाउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लंगडी,पर्सा**
**मधेश प्रदेश , नेपाल**

**सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०६

यस गाउँपालिकाको लागि निम्नानुसारको पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले सो पदको लागि चाहिने आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त फाराम दिनहुनको लागि सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | संख्या | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|
| ०१/ ०७९/०८० | कृषि स्नातक प्राविधिक (अधिकृत छैंठो) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह वा सो सरह उतिर्ण भएको | रु.१००० |
| ०२/ ०७९/०८० | रोजगार सहायक (पाँचौ तह) | १ | मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको, आधारभूत कम्पयूतटर सीप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम लिएको | रु.५०० |
| ०३/ ०७९/०८० | सूचना प्रविधि अधिकृत (छैंठो तह) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट computer वा Information and Communications Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT,BIM,BBIS,BCA,BCIS,BEIT,Bsc.IT,BscCSIT,BE./BTech . Electronics and Communication engineering) उतिर्ण गरेको हुनुपर्ने | रु.१००० |

१.उमेरको हद :- विज्ञापन नं.१ र ३ को हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपांग को हकमा ४० वर्ष ननाघेको ,विज्ञापन नं.२ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपांग को हकमा ४० वर्ष ननाघेको
२.दरखास्त दिने स्थान : धोबीनी गाउपालिकाको कार्यालय,लंगडी,पर्सा
३.आवेदन दस्तुर: धोबीनी गाउपालिकाको आन्तरिक राजस्व खाता नं. EOCAO51121852402 ,NICASIA BANK,लंगडी शाखामा बुझाउनु पर्नेछ ।
४.दरखास्त दिने अन्तिम मिति: २०७९/०९/२१
५आवेदनको ढाँचा र पाठयक्रम को लागि यस गाँउपालिकाको कार्यालय वा वेवसाइट dhobinimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
६.सेवा सुविधा: नियमानुसार
७.दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु क)शैक्षिक योग्यताको प्रमाणपत्रहरु ( लब्धाङ्क पत्र ,चारित्रिक प्रमाणपत्र)
ख) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि
८. परिक्षाको किसिम : लिखित परिक्षा तथा कम्पयूटर प्रयोगात्मक परिक्षा र अन्तरवार्ता
९. लिखित परिक्षा मिति : पछि प्रकाशन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकुत

## सम्पादकीय

# विकासको अचानो जङ्गल जङ्गी रवाफ देखाएर जोरजर्बजस्ती नगरौं

काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्रयाक) निमार्णको लागि नेपाली सेनाले बाराको चारकोशे झाँडीका रुख काट्न थालेको छ । दुतमार्ग निमार्णको क्रममा नयाँ संरचना बनाउन थप जग्गाको आवश्यकता परेको भन्दै ३ वटा सामुदायिक र राष्ट्रिय वन क्षेत्रबाट १ हजार २५ वटा रुख कटानका लागि सेनाले डिभिजन वन कार्यालय बाराबाट सहमती लिएको देखिन्छ । बाराका कछडिया, नागमणि, बाघभैरव सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रमा रुख कटानका काम शुरु गरेको हो ।

नेपालको महत्वपूर्ण र राज्यले प्राथमिकतामा राखको द्रुत मार्गका लागि यस अघि पनि ठूलो संख्यामा रुख काटिएका छन् । निश्चय पनि विकासका काम गर्दा प्रकृतीमा क्षती हुन्छ । केही हदसम्म क्षती गर्नुपर्ने अवस्थाहरु आउँछनै । कम भन्दा कम क्षती हुनेगरी काम हुनु वुद्धिमानी हो । तर, यहाँ त्यस्तो विवेकपूर्ण निर्णय भएको देखिदैंन । घटनाक्रम र जिम्मेवारहरुका भनाईबाट स्पष्ट हुन्छ सेना विकल्पहरु हुँदाहुँदै पनि आफ्नो अडानबाट पछि हटेन र जिल्ला वन कार्यालय बारा विकासको नाममा स्वीकृत दिन वाध्य भएको हो ।

द्रुतमार्गको जिरो पोईन्ट (निजगढ) मा सेनाको ब्यारेक क्षेत्रमा रहेको खाली जग्गालाई सदुपयोग गर्दा थप रुख काट्नु नपर्ने भन्दै यसअघि वन कार्यालयले सेनालाई आसपासका खाली जग्गामा नै आवश्यक संरचना बनाउन आग्रह गरेको थियो । तर सेनाले मानेन् । आवश्यक संरचना तोकिएको स्थानमै निमार्ण गनुपर्ने अडान राखेपछि थप रुख काट्नु परेको हो ।

यहाँ डिभिजन वन कार्यालय बाराका प्रमुख बिनोद सिंहको भनाईलाई गंभिरतापूर्वक लिनुपर्ने हुन्छ । सिंहले भनेका छन् 'अधिकाशं सरकारी निकायहरु वन क्षेत्र भित्रकै खाली जग्गाको सदुपयोग भन्दा पनि रुख कटानमै बढी ध्यान केन्द्रीत गर्ने गर्दछन् ।'

सिहको भनेका छन् 'हामीलाई रुख काट्न स्वीकृत दिने ईच्छा छैन् तर राष्ट्रिय गौरवको आयोजना हो काम रोक्न पनि भएन, कटान अनुमती रोक्दा चौतर्फी दवाव र आलोचना सुन्नुपर्ने भएकोले बाध्य भएर अनुमती दिएका हौ ।' द्रुतमार्ग निर्माणका क्रममा ०७४ देखि हालसम्म बारा, मकवानपुर र ललितपुरमा गरी २७ हजार रुख काटिइसकेका छन् । निश्चय पनि सेना अहिले ठेकेदार बनेको छ । हतियारधारी राज्यको आडभरोसा प्राप्त ठेकेदारको सामुन्ने अरु निकायको जोरबल लाग्ने अवस्था हुँदैननै । सबै भन्दा महत्वपूर्ण र आलोचना गर्ने पर्ने विषय के हो भने सेना आफूखसी संरचना थप्दै छ र त्यसैका लागि एक हजार भन्दा बढी रुखमा आँरा लगाउँदै छ । जानकार हरुका अनुसार 'द्रुतमार्ग सडक निर्माण प्रस्तावित स्वरुप' डीपीआर र विस्तृत वातावरणीय प्रभाव मूल्यांकनमा समेत समावेश नभएका संरचनाहरु थप गर्नका लागि रुख कटान शुरु गरिएको हो ।

पहिलो कुरा स्वीकृत संरचना अनुसार एउटा ठेकेदार जथाभावी जान मिल्दछ ? यदी संरचनामा परिवर्तन आवश्यक छ भने त्यसका पनि प्रक्रिया छन् । बन्दूक देखाएर विकास गर्ने मोडलमा पनि निश्चित प्रक्रिया अपनाउँनुपर्ने हुन्छ । पहिलो कुरा डिजाइनमा हुनुपर्यो र दोश्रो कुरा वातावरणीय प्रभाव मूल्याङ्कन पनि अनिवार्य वावश्यक छ । सेनाले दबाव र प्रभावमा पारेर होइन प्रक्रियागत र आवश्यक सबै खाले कागजातहरु सहीत सम्बन्धित निकायमा आउँनुपर्दछ ।

सरोकारवाला निकायले डिजाइन परिमार्जन गर्नुपर्ने आवश्यकता देख्यो र त्यसका लागि जङ्गल मास्नु पर्ने भयो भने पनि त्यसका पनि प्रक्रिया छन् । प्रक्रिया गत रुपमा अगाडि बढ्दा सबैको भलो हुन्छ । विकासका काममा विकासकै मापदण्ड र नियम कानून अवलम्बन गरौं, जङ्गी रवाफ देखाएर जोरजर्बजस्ती नगरौं ।

# राजनीतिक स्थायित्वको लागि कांग्रेस–एमाले सरकार



- श्रीमन नारायण

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीवाट नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई नेपालको प्रधानमन्त्री नियुक्त गर्नका लागि दावी पेश गर्न आहवान भए पश्चात सबैको ध्यान नयाँ सरकारको गठनतिर आकृष्ट भएको छ । भर्खरै सम्पन्न निर्वाचनमा नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवा नेतृत्वको सत्ताधारी गठबन्धनको प्रदर्शन अपेक्षाकृत सन्तोषजनक नै देखिए पनि यसले आवश्यक बहुमत भने ल्याउँन सकेको छैन । त्यसै गरि प्रमुख प्रतिपक्षीदल नेकपा एमालेका अध्यक्ष के.पी.शर्मा ओली नेतृत्वको गठबन्धनले पनि चुनावमा राम्रो प्रदर्शन गर्न सकेन ।

चुनाव पश्चात सत्ताधारी गठबन्धनमा शामिल नेकपा माओवादी केन्द्रका अध्यक्ष र एमाले गठबन्धनमा शामिल जसपाका अध्यक्षको वक्तव्य पश्चात चुनाव ताका भएका गठबन्धनको औचित्य सकिएको मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा राजनीतिक स्थायित्व र स्थिरता, भ्रष्टाचार रहित द्रुत सुशासन,अर्थतन्त्रमा सुधार र आर्थिक समुन्नित र विभेदरहित सन्तुलित विकास जस्ता जनताका आकांक्षा र सपना फेरि पनि तुहिने सम्भावना बढेको देखिन्छ । देश र जजनतालाई सम्भावित यस किसिमका अस्थिरता अन्योलता र विसंगति एवं विकृतिको गहिरो खाडलमा डुब्नवाट जोगाउनु मुख्य दायित्व नेपाली कांग्रेस र नेकपा एमालेकै हो । आज पनि दुई तिहाई भन्दा बढी नेपाली जनताका आस्था र विश्वास उपरोक्त दुई दल प्रति नै रहेको छ । यस निर्वाचनमा पनि झण्डै दुई तिहाई सिट उपरोक्त दुई दलले नै जितेका छन् तसर्थः देशमा राजनीतिक स्थायित्वको निम्ति नेपाली कांग्रेसका सभापति र देशका वर्तमान प्रधानमन्त्री शेर बहादर देउवाको नेतृत्वमा एमाले सम्मिलित दुई दलीय सरकार नै अस्तित्वमा आउनु देश र जनताको व्याप्क हितमा हुनेछ ।

निर्वाचनमा प्रत्यक्ष तर्फ नेपाली कांग्रेस र समानुपातिक तर्फ नेकपा एमाले नै सवै भन्दा ठुलो दल सावित भएको छ । स्थायित्व र विकासका लागि आम निर्वाचन २०७९ ले कांग्रेस र एमालेलाई नै मिलेर सरकार चलाउन जनादेश दिएको मान्नुपर्छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष के.पी.ओलीले जनताको चाहना र मतादेशको सम्मान गर्नुपर्छ ।

वि.सं. २०४६ सालको पंचायत विरोधी आन्दोलनको सफलता, वि.सं.२०४७ सालको नेपालको संविधान, नेपाली कांग्रेसको तात्कालीन सभापति कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकार र वि.सं.२०४८ सालको आम निर्वाचन सफलतापूर्वक सम्पन्न हुनुले पनि यस कुराको पुष्टि गर्दछ । जनआन्दोलन-२ को सफलता पश्चात नेपाली कांग्रेसका तात्कालीन सभापति गिरिजा प्रसाद कोईरालाको नेतृत्वमा एमाले सम्मिलित संयुक्त सरकारकै पालामा नेपालको अन्तरिम संविधान २०६३ अस्तित्वमा आएको थियो । त्यस अन्तरिम सरकारकै पालामा नागरिकता समस्याको समाधान, निजामति प्रशासनलाई समावेशी बनाउन निजामति प्रशासन सुधार आयोगको गठन भएको थियो जसको आधारमा समावेशिता (आरक्षण) लागु भएको छ । विस्ततृत शान्ति सम्झौताले मुर्त रुप लिनु, माओवादीलाई शान्तिपूर्ण राजनीतिको मुलधारमा समाहित गराउनु, माओवादीका लडाकुहरुको व्यवस्थापन र समायोजन, आन्दोलनकारी संयुक्त मधेशी मोर्चालाई निर्वाचनमा ल्याउने काम अन्तरिम संविधान केही संशोधन लगायत काम र वि.सं.२०६४ सालमा संविधान सभाको पहिलो निर्वाचन सफलतापूर्वक सम्पन्न हुनु नेपाली कांग्रेसको नेतृत्वमा एमालेको महत्वपूर्ण सहयोगकै कारणले संभव भएको थियो ।

पहिलो संविधान सभामा नेपाली कांग्रेस र नेकपा एमालेलाई जनताले अपेक्षित समर्थन दिएनन् । कथित पहिचानवादी शक्ति भएको दावी गर्ने नेकपा माओवादी र मधेशवादीसित बहुमत हुँदा पनि उनीहरुले न त संविधान बनाउन सके न त सरकार नै चलाउन सके । नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बहुमतको भरमा प्रधानमन्त्री भए तर एक वर्ष मै आफैले पदवाट राजीनामा दिए । आखिर माओवादीकै नेता प्रधानमन्त्री भएका बेला पहिलो संविधानसभालाई बिना कुनै कारण विघटन गरी संविधान सभाको फेरि पनि निर्वाचन गराउनु पऱ्यो । पहिलो संविधान सभामा पनि नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोईरालाई नेतृत्वमा संयुक्त सरकार अस्तित्वमा रहेको भए सबैले अपनत्वको महसुस गर्न सक्दथ्यो र अन्तरिम संविधान झै यो पनि सबैको निम्ति स्वीकार्य बन्न सक्दथ्यो ।

वि.सं.२०७० सालमा भएको दोश्रो संविधानसभाको निर्वाचनमा नेपाली कांग्रेस र एमालेले निकै राम्रो प्रदर्शन गऱ्यो । नेपाली कांग्रेसका तात्कालीन सभापति सुशील कोईरालाको नेतृत्वमा नयाँ सरकार अस्तित्वमा आयो । नेकपा एमाले सम्मिलित त्यस दुई दलीय सरकारले संविधानसभावाट नेपालको संविधान २०७२ लाई जारी गर्ने सफलता पनि प्राप्त गऱ्यो । संविधानमा कमी कमजोरी देखिनु, केही असन्तुष्टिका स्वर देखिनु र संशोधनको आवश्यकता महसुस हुनु स्वभाविक नै हो तथापि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी हुनुमा उपरोक्त दुई दलकै भुमिका देखियो, हिन्दू राष्ट्रको विषयलाई संविधानमा राख्ने माग पनि हुँदै आएको छ । दुई दलको समझदारी र सहकार्यमा देशमा भएका राजनीतिक परिवर्तनहरुलाई उपलब्धि मुलक र फलदायी बनाउने जिम्मेवारी पनि उपरोक्त दुई दलकै हो । राजनीतिक स्थायित्व, विधिको शासन, संकटग्रस्त अर्थतन्त्रमा सुधारका निम्ति पनि नेपाली कांग्रेस र एमालेले मिलेर सरकारको नेतृत्व लिनु आवश्यक छ । सीमित व्यक्ति, गुट र उपगुटको निहित स्थार्थका लागि राष्ट्रको हितलाई अन्ध्यारोमा पार्न सकिदैन। पुरानै गठबन्धनलाई निरन्तरता दिदै सरकार बनाउने प्रयास भएमा देशलाईश्रीलंका र अफगानिस्तानको बाटोमा जानवाट रोक्न सकिदैन । नेपाली जनताले यस चुनावमा पनि कांग्रेस र एमालेलाई आफनो संरक्षक र अभिभावक मानेका छन् ।

खुद्रा राजनीतिक गर्नुको पसल बन्द हुनु आवश्यक छ । राजनीतिक विचौलियाहरु देशमा कहिल्यै राजनीतिक स्थायित्व आउन दिने छैनन् । बिचौलिया, चरम महत्वकांक्षी, षडयन्त्रकारी अवसरवादी र संकीर्ण सोच भएका यस्ता खुद्रा राजनीतिक पसलेको मोह जालवाट बाहिर निस्किनु दुईटै ठुला दलको राष्ट्रिय धर्म र कर्तव्य पनि हो । राष्ट्रहित र जनहितका साझा नीति र कार्यक्रममा कांग्रेस र एमाले विच सहकार्य भए खुद्रा राजनीति गर्ने गर्नेको पसल स्वतः नै बन्द हुनेछ ।

देशका दुवै ठुला पार्टीका नेतृत्वकर्ता देउवा र ओली दुवैको निम्ति सम्वेदनशील र महत्वपूर्ण समय हो । वर्तमान अवस्थामा नेपाल राजनीतिक अस्थिरता, आर्थिक संकट र सांस्कृतिक विच्छैखलताको अवस्थावाट गुज्रि रहेको छ । यस चुनौतिको सामना गर्न दुवै ठुला दल एकजुट हुनु आवश्यक छ ।

> “ *यस्तो अवस्थामा राजनीतिक स्थायित्व र स्थिरता, भ्रष्टाचार रहित द्रुत सुशासन, अर्थतन्त्रमा सुधार र आर्थिक समुन्नित र विभेदरहित सन्तुलित विकास जस्ता जनताका आकांक्षा र सपना फेरि पनि तुहिने सम्भावना बढेको देखिन्छ । देश र जजनतालाई सम्भावित यस किसिमका अस्थिरता अन्योलता र विसंगति एवं विकृतिको गहिरो खाडलमा डुब्नवाट जोगाउनु मुख्य दायित्व नेपाली काग्रेस र नेकपा एमालेकै हो ।*

फिचर

# किसानी सधैं निर्वाहमूखि, त्यसमाथि घट्यो सरकारी प्राविधिक सेवा

संविधानले खाद्य अधिकारलाई मौलिक हकको मान्यता दिएको छ। त्यसका लागि आत्मनिर्भरता आवश्यक हुन्छ। उपयुक्त खाद्यान्न, तरकारी, फलफूल, माछा र मासुमा आत्मनिर्भर हुन र लगानी आकर्षित गर्न उपयुक्त नीति, संरचना र संस्थाको आवश्यकता पर्छ । संघीयताले प्रदेश र स्थानीय सरकारका लागि अवसर सिर्जना गरेको छ। पालिकाहरूले स्थानीय बजारको व्यवस्थापन लगायत कृषिजन्य वस्तुहरूको उत्पादन र व्यवस्थापनका लागि नीति निर्माण, नियम, मानक र योजना तर्जुमा र कार्यान्वयन गर्न सक्छन्।

नेपालमा कृषि एक प्रमुख आर्थिक क्षेत्र भए तापनि, धेरै हदसम्म खेती निर्वाहमूखि छ। नेपालको विविधतायुक्त जलवायु र प्राकृतिक स्रोतले धेरै प्रकारका खाद्यान्न वाली उत्पादन गर्ने अवसर प्रदान गर्दछ। गुणस्तरीय बिउ, बेर्ना, नश्ल, सिँचाई, यन्त्र, कर्जाको पहुँच र उत्पादनलाई बजारसँग जोड्न नसक्दा नेपालले यस्ता अवसर हरूको उपयुक्त उपयोग गर्न सकेको छैन। खाद्यान्न, फलफूल, तरकारी, औषधी, जडिबुटी, माछा र पशुधन यहाँ पाइने मुख्य कृषि उपजहरू हुन्।

नेपालको कृषि उत्पादन प्रणालीको विशेषता भनेको स्थानीय बीउ, मानव र पशु श्रमको उपयोग र वर्षाको पानीमा अत्यधिक निर्भरता नै रहेको छ। बीउ, नश्ल, रासायिनक मल, कीटनाशक विषादी, पशु औषधी आहार र औजारहरूको आपूर्ति संयन्त्र पनि बजारीकरण क्षेत्रको जस्तै अव्यवस्थित छ। साना कृषकहरूको उत्पादन थोरै थोरै मात्रामा हुन्छ र उत्पादनको गुणस्तरमा ठूलो विविधता देखिन्छ। साना कृषकहरू आफ्ना उत्पादनलाई बजार मूल्यवृद्धि नहुञ्जेल राख्न सक्दैनन्। कृषकले आफ्ना उत्पादन



तुरुन्तै बजारमा बिक्री गर्दा आफ्ना वस्तुको मूल्य धेरै नै कम पाउने गरेका छन्।

कृषकले गर्ने उत्पादनको बजारसँग कुनै योजनाबद्ध सम्पर्क छैन। अर्थात् बजारको मागलाई ध्यान दिएर खेती लगाउने गरिँदैन। यस कारण माग र आपूर्ति बीच भिन्नता रहेको छ जसले नेपाललाई आयातमा निर्भर बनाएको छ। फलफूल तथा तरकारीहरूको माग बढ्दो छ तर आन्तरिक उत्पादनले मागलाई पूरा गर्न सक्दैन। ताजा उपभोग, प्रशोधन र निर्यातको लागि उपयुक्त जातको पहिचान गर्ने संयन्त्रको अभाव छ। किसान समुदायहरूमा ग्रामीण युवाहरूको बाह्य बसाईसराई र विदेश पलायनका कारण श्रमिकको उच्च अभाव छ। अर्कोतर्फ, यान्त्रिकरणको स्तर र कीटनाशक प्रयोगको अवस्था कमजोर छ।

कृषकहरूको प्राविधिक सल्लाहकार सेवामा पहुँच सिमित छ। विगतमा रहेको कृषि प्रसार तथा प्राविधिक सेवा संघीय संरचना पश्चात टुट्न गएकोछ। हाल पालिकाहरूमा रहेका सीमित कृषि र पशुसेवा अधिकृत र जेटी/जेटीएहरू मार्फत कृषि प्रसार र प्राविधिक सेवा प्रदान गर्ने भए तापनि यस्ता प्राविधिक सेवा र कार्य सार्है नै अपर्याप्त र पातलो रहेको देखिएका छन्।

नेपाल कृषि प्रधान देश भए तापनि नेपालको कृषि प्रणाली अझै पनि निर्वाहमूखि रहेको छ। नेपाल सरकारको कृषि तथा सहकारी मन्त्रालयबाट विगतका केही दशकदेखि निर्वाहमूखि कृषि प्रणालीलाई व्यवसायिकरुपमा रुपान्तरण गर्ने प्रयास भैरहेको छ। यस्ता प्रयासलाई मूर्तरुप दिनका लागि नेपाल सरकारबाट कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ तयार गरी मिति २०६३ मंसिर ११ देखि कार्यान्वयनमा ल्याएको छ। यो नीतिमा तीनवटा उद्देश्य, ४६ वटा नीति र एउटा अनुसूची रहेका छन्। बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुर्याउने, कृषिजन्य उद्योगको विकास गरी आन्तरीक बजार तथा निर्यात प्रवर्द्धनमा योगदान पुर्याउने, र कृषिको व्यवसायिकरण गरी गरिबी निवारणमा सहयोग पुर्याउने प्रस्तुत नीतिको तीनवटा उद्देश्यहरू रहेका छन्।

समष्टिगत रुपमा कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको स्थितिलाई विश्लेषण गर्दा कार्यान्वयन स्थिति राम्रो देखिन्छ। प्रस्तुत नीति भित्र उल्लेख भएका कूल ४६ वटा नीति मध्ये ६५ प्रतिशत नीति अर्थात् ३० वटा नीति कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरुपमा कार्यान्वयनमा आएको देखिन्छ । नीतिमा उल्लेख भएका १००% अर्थात कुनै पनि विषय कार्यान्वयन नभएका नीतिहरूको संख्या १५ प्रतिशत मात्र छ।

यसले कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनको सवल रहेको संकेत गर्दछ। पशु पालन, पोल्ट्री, खाद्यान्न, तरकारी र फलफूल बाली उत्पादन गर्ने तरीका, गुणस्तरीय बीउ बिजन, उन्नत जात र आधुनिक यन्त्र तर्फमा कृषक तथा व्यवसायिहरूको क्रमिक रुपमा आकर्षण र रुपान्तरणमा यस्ता नीतिगत व्यवस्थाको देन मान्न सकिन्छ। तथापी कृषिको व्यापक व्यवसायिकरण र प्रवर्द्धनका लागि विद्यमान नीति र कार्यान्वयन प्रक्रियामा केही परिमार्जन भने आवश्यक देखिन्छ ।

- बाँकी पृष्ठ ६ मा

# सर्लाहीका किसानलाई तरुल खन्न चटारो

सर्लाही, ५ पुस
सर्लाहीका विभिन्न क्षेत्रका किसानलाई माघे सङ्क्रान्ति नजिकिएसँगै तरुल खन्ने चटारो बढेको छ । जिल्लाको शङ्करपुर, राजघाट, हजरिया, बरहथवा, जिरायत, कर्मैया हजरियालगायतका क्षेत्रमा व्यावसायिकरूपमा तरुल खेती हुने गरेको छ । माघे सङ्क्रान्ति नजिकिएसँगै उनीहरूलाई चटारो बढेको हो । ती क्षेत्रका किसानले तरुल बिक्रीबाट बर्सेनि मनग्य आम्दानी गर्दै आएका छन् । बागमती नगरपालिका-५ राजघाट टेकानीका जगतबहादुर खुलाल मगरले यस वर्ष करिब एक बिघा क्षेत्रफलमा तरुल खेती लगाएका छन । उनले गत वर्ष करिब रु तीन लाख ५० हजारको तरुल बिक्री गर्नुभएको थियो। अन्य खेतीका तुलनामा तरुल खेतीमा मेहेनत र खर्च कम फाइदा बढी हुने भएकाले १५ वर्षदेखि खेती गर्दै आएको उनले सुनाए । यस वर्ष खेतबाटै व्यापारीले प्रतिकिलो रु एक सय १० मा तरुल खरिद गरेको बागमती-६ का किसान यमकुमार मगरले बताए । उनका अनुसार तरुल लिन व्यापारी किसानका खेतमै पुगेका छन् । लामो समयदेखि तरुल खेती गर्दै आउनुभएका यामकुमारले यस वर्ष करिब १६ कट्ठा जमिनमा तरुल खेती गरेका छन । उनले व्यापारीलाई प्रतिकिलो रु एक सय १० का दरले खेतैमा र काठमाडौँ पुऱ्याएर प्रतिकिलो रु दुई सय २० मा तरुल बेचेका छन । खर्च कटाएर कट्ठाको रु करिब एक लाख आम्दानी भएको उहाँले बताए । तरुल खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउने र घरव्यवहार चलाउन पुगेको उनको भनाइ छ । यहाँको तरुल स्वादिलो हुने भएकाले काठमाडौँलगायत देशका मुख्य ठूला सहरबाट अत्यधिक माग आइरहेको बागमती-८ का व्यापारी नुनुबाबु पण्डितले जानकारी दिए । यस क्षेत्रका किसानले पताले, झुसे, जाँते र रातो तरुल धेरै मात्रामा



लगाउने गरेका छन् । तरुल खेती गर्न बलौटे तथा दोमट माटो उपयुक्त हुने किसानको भनाइ छ । बीउ, खनजोत, मलखाद र गोडमेलसमेत गरेर प्रतिकट्ठा करिब रु छ हजार लगानी हुने अर्का किसान रामबहादुर मगरले बताए । उनका अनुसार राम्रो उत्पादन हुँदा तरुल प्रतिकट्ठा करिब आठ क्विन्टलसम्म उत्पादन हुने गरेको छ । जिल्लामा मात्र यस वर्ष करिब तीन सय हेक्टर क्षेत्रफलमा तरुल खेती भएको कृषि ज्ञान केन्द्र मलङ्गवाका प्रमुख कमलदेवप्रसाद कुशवाहले बताए । उनका अनुसार समय तथा मेहेनत पनि कम लाग्ने र सिँचाइ नभए पनि तरुल खेती राम्रो हुने भएकाले जिल्लाका किसान तरुल खेतीतर्फ बढी आकर्षित हुने गरेका छन् । जिल्लाका किसानले तरुलको राम्रो मूल्य पाएका छन् । राम्रो मूल्य पाएपछि तरुल किसान पनि दङ्ग परेका छन् । विगत वर्षको भन्दा तरुलले दुई गुणा बढी मूल्य पाएपछि यसपटक आम्दानी पनि मनग्य हुनेमा यस क्षेत्रका तरुल किसान ढुक्क छन् । जिल्लाको बागमती नगरपालिकास्थित राजघाटका तरुल किसान बलराम उप्रेती तरुलको मूल्य राम्रो पाएको जानकारी दिए । यसपटक माघे सङ्क्रान्ति नजिकिँदै गर्दा जिल्लाका विभिन्न स्थानमा उत्पादन भएको तरुल प्रतिकिलो रु एक सयदेखि एक सय ६० सम्म खेतैमा पाएको अर्का तरुल उत्पादक किसान राजलाल महतोले बताए । पोहोर साल त रु ६०-७० प्रतिकिलो थियो, उनले भने , यसपटक राम्रो भाउ पाएका छौँ । राम्रै फाइदा हुन्छ होला । सङ्क्रान्तिको लागि भन्दै तरुल खरिद गर्न किसानका बारी-बारीमै व्यापारी पुग्ने गरेका छन् । यहाँ उत्पादन भएको तरुल ठेकेदारले किसानसँग खरिद गरेर देशका मुख्य बजार हेटौँडा, लहान, काठमाडौँ, विराटनगर र धनगढीसम्म पुऱ्याउने गरेका छन् । ठेकेदारले खेतमै खनेर लैजाने गरी तरुल ठेक्का लिएका राजघाटका तरुल उत्पादक किसान विनोद दासले बताए । उनका अनुसार किसान आफैँले स्थानीय बजारमा समेत तरुल बिक्रीका लागि लैजाने गरेका छन् । लगानी थोरै र स्याहार पनि थोरै गर्नुपर्ने भएकाले तरुलको यसपटकको मूल्यले किसानलाई फाइदा छ, रामकुमार मैनालीले बताए । अन्य बालीलाई जस्तो स्याहार मल गर्नुपर्दैन । मकै वा बेसारभित्र लगाउँदा पनि हुने । एउटै बारीमा दुईथरि खेती गर्न पाइने भएकाले पनि किसान तरुलतर्फ आकर्षित हुँदै आएको स्थानीयवासीको भनाइ छ। तरुल बिक्री वितरणमा अहिलेसम्म किसानले दुःख पाउनु नपरेकामा समेत किसान खुसी छन् । माघे सङ्क्रान्तिमा विशेष फलारका रूपमा प्रयोग गरिने तरुल अन्य समयमा तरकारीका रूपमा समेत बिक्री हुने गर्दछ । यसको खेती गर्दा जमिन हेरेर बीउ, खनजोत, खादमल र गोडमेलसमेत गरे राम्रो आम्दानी हुने किसानको भनाइ छ ।रासस

# ढिलो पाक्ने खेतीको उत्पादन घट्दै



चितवन, ५ पुस
एउटै मौसममा धेरै खेती उत्पादन गर्न यहाँका किसान छिटो उत्पादन दिने बालीतर्फ आकर्षित भएका छन् । मुख्य गरी हिउँदे मौसममा छिटो उत्पादन दिने बालीतर्फ कृषक आकर्षित भएका हुन् । कृषकहरू छिटो उत्पादन दिनेतर्फ लागेपछि ढिलो पाक्ने खेतीको उत्पादन र क्षेत्रफल घट्दै गएको छ । कृषि ज्ञान केन्द्र भरतपुरका अनुसार यस वर्ष गहुँखेती गरिएको क्षेत्रफल चार हजार पाँच सय ४५ दशमलव नौ हेक्टर रहेको छ । गत वर्ष पाँच हजार ५१ हेक्टर क्षेत्रफलमा गहुँखेती गरिएकामा यस वर्ष सो क्षेत्रफल घटेको हो । आर्थिक वर्ष २०७७/७८ मा पाँच हजार एक सय ५१ हेक्टर क्षेत्रफलमा गहुँखेती गरिएको थियो । गत आर्थिक वर्षमा जिल्लामा २२ हजार एक सय ४८ मेट्रिक टन गहुँ उत्पादन भएको थियो भने उत्पादकत्व चार दशमलव तीन रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा २३ हजार दुई सय ४८ मेट्रिक टन गहुँ उत्पादन भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । छोटो समयमा उत्पादन लिने बालीतर्फ कृषक आकर्षित हुँदा गहुँखेती गर्ने क्षेत्रफल घट्दै गएको हो । धान काटेसँगै गहुँ लगाउने कृषकले चैतसम्म एउटै बालीका लागि कुर्नुपर्ने भएकाले यस खेतीतर्फको आकर्षण घटेको कार्यालयका सूचना अधिकारी मीनबहादुर पुन मगरले जानकारी दिए । उनका अनुसार गहुँखेती हुने ठाउँमा अहिले कृषकले तोरी, तरकारीलगायतका खेती गर्न थालेका छन् । तोरी लगाउँदा चाँडो पाक्ने र राम्रो नाफा हुने भएकाले यसतर्फ कृषकको आकर्षण बढेको उनले बताए । गहुँ लगाउँदा तरकारी र मकैका लागि समय ढिला हुने भएकाले कृषकले अन्य बाली रोज्न थालेका हुन् । विगत तीन वर्षको तथ्याङ्कलाई हेर्दा गहुँखेतीमा भन्दा तोरीखेतीमा कृषकको आकर्षण बढ्दै गएको छ । आव २०७७/७८ मा १२ हजार दुई सय ६० हेक्टर क्षेत्रफलमा तोरीखेती गरिएकामा आव २०७८/७९ मा १३ हजार दुई सय ७० हेक्टर क्षेत्रफलमा तोरीखेती गरिएको थियो। यस आवमा यो क्षेत्रफल बढेर १४ हजार पाँच सय ७९ हेक्टर पुगेको उहाँले बताए । तेलको माग बढ्नु र तोरीको मूल्यमा भएको वृद्धिले समेत यसतर्फ कृषक आकर्षित भएको उनले जानकारी दिए । यस वर्ष तोरीका लागि राम्रो मौसम भएकाले उत्पादन पनि बढ्ने अनुमान गरिएको छ ।रासस

# जानकी फुलबारी अतिक्रमण मुक्त गर्न मिश्रको माग

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
जनकपुर नागरिक समाजका अगुवा मुरली मनोहर मिश्रले जानकी मन्दिर मातहतको रहेको जानकी फूलवारी अतिक्रमण प्रतिवेदन २०७६ को प्रभावकारी कार्यान्वयन गर्न माग गरेका छन ।

मिश्रले मंगलवार बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् का अध्यक्ष शितल साहलाई सो माग पुरा गर्ने सहितका ज्ञापन पत्र बुझाएका छन् ।

उनले जनकपुरधामको धार्मिक, ऐतिहासिक एवं पुरातात्विक दृष्टिले महत्वपूर्ण मानिएको जानकी मन्दिर जस्ता धरोहर एवं सार्वजनिक महत्वका स्थलहरू, मठ मन्दिर, तलाव तथा खाली जग्गामा नियमित नियन्त्रण वा निषेध गरिएका क्रियाकलापहरु नगर्न/नगराउन आग्रह गरेका छन ।

परिषद्द्वारा तोकिएको धार्मिक, सार्वजनिक तथा गुठी अधिनस्त रहेका जानकी मन्दिरको पूर्वतर्फको जानकी फुलवारीलाई यस परिषद्को दफा १४ अनुसार संरक्षण गरी दफा १३ बमोजिम परिषद्को पूर्वस्वीकृति बिना अतिक्रमण गरी निर्माण गरिएको भाग अतिक्रमणमुक्त गर्न जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा २०७६ माघ २ गतेको पत्र बमोजिम जानकी फुलवारीको जग्गा नाप जाँचको मुचुलका सहितको प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयन गर्न माग उनले ज्ञापन पत्रमा गरेका छन ।



प्रतिवेदन कार्यान्वयन नभए जनकपुर नागरीक समाज शान्तिपूर्वक आन्दोलनसहित विभिन्न दवावमूलक कार्यक्रम गर्न बाध्य हुने चेतावनी समेत ज्ञापन पत्र मार्फत दिएका छन । सो जानकी फुलबारीको कूल क्षेत्रको जग्गामा आधामा श्रीरामजानकी हस्पीटललाई जानकी मन्दिरले ९० वर्षको लिजमा दिएका छन भने बांकी भाग कृपालुजी महाराजको नेपाल स्थित राधा माधव समितिलाई धर्मशालाका लागि दिएका छन । सो जग्गामा श्रीरामजानकी हस्पीटल करीब एक दशकदेखि संचालनमा छन भने धर्मशाला अहिलेसम्म बन्न सकेको छैन । त्रेतायुगमा जगतजननी माता सीता सो ही फुलबारीबाट फुल टिपेर भगवानलाई पुजा गर्न गरेकी थिइन मान्यता रहेको छ ।

# काँक्रो खेतीबाट मनग्य आम्दानी लिँदै किसान

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-१ जुकेपानीका किसान अहिले काँक्रो टिप्न र बिक्री गर्नमा निकै व्यस्त छन् । कृषि पकेट क्षेत्रका रूपमा परिचित जुकेपानी क्षेत्रका किसानलाई काँक्रो टिप्न भ्याइनभ्याइ छ । यावसायिक काँक्रोखेती गरेका किसानको घरमा मेला जाँदाजाँदै काँक्रोखेती लगाउन सिक्नुभएको ठिस्मा रानाले अहिले काँक्रोबाट मनग्य आम्दानी गर्नुभएको छ । रु १२ हजारको लगानीमा दुई वर्षअघि काँक्रोखेती सुरु गर्नुभएका उहाँले पहिलो वर्ष खर्च कटाएर रु ६७ हजार आम्दानी गरेको बताए । एक बाली धान लगाएर काँक्रो लगाउने गरेकामा अहिले तीन बालीसम्म काँक्रोमात्रै लगाउने गरेका छौँ, किसान रानाले भने । रु सात हजारको लगानीमा अहिले उत्पादन सुरु भएको काँक्रोबाट रु ३३ हजार आम्दानी आइसकेको भन्दै उनले भने , आफैँले मेहेनत गरेर कमाउने भएपछि निकै खुसी मिल्ने रैछ, ऋण खोज्न परेको छैन, अहिले परिवार पाल्न आम्दानीको स्रोत नै यही भएको छ । कृषि पकेट क्षेत्रका रूपमा परिचित हुप्सेकोट गाउँपालिकाको वडा १ मा किसान काँक्रो नलगाउने कमै मात्र भेटिन्छन् । आम्दानीको स्रोत कृषि भए पनि व्यावसायिकरूपमा आम्दानी लिन नसकेका किसान अहिले काँक्रोखेतीमा आकर्षित हुँदै आएका छन् । वर्षमा तीन बालीसम्म यहाँका किसानले काँक्रोखेती लगाउँदै आएका छन् । धान बालीमात्रै लगाउँदै आएका दिलमाया परियारले काँक्रोबाट मनग्ने आम्दानी गर्न सकिने थाहा पाएपछि चार वर्षदेखि व्यावसायिकरूपमा काँक्रोखेती लगाउँदै आएका छन । दुई कट्ठामा लगाएको काँक्रोबाट खर्च कटाएर वर्षमा करिब रु



दुई लाख आम्दानी हुने गरेको छ, उनले भने , यसरी गाउँमै आम्दानी लिन सकिने सोचाइ पहिल्यै आएको भए श्रीमान्लाई विदेश पठाउनुपर्ने थिएन, मेहेनत गर्ने हो भने विदेशमा भन्दा स्वदेशमा राम्रो आम्दानी गर्न सकिने रहेछ । यस क्षेत्रमा १५ कट्ठामा काँक्रो लगाएका किसानले खर्च कटाएर वर्षमा रु छ लाखसम्म आम्दानी गर्दै आएका छन् । यहाँ उत्पादित काँक्रो व्यपारीले खरिद गरी काठमाडौँ पठाउने गर्दछन् । किसान र व्यापारीबीच बिचौलिया नभए अझै राम्रो आम्दानी गर्न सकिने किसान बताउँछन् । हुप्सेकोट गाउँपालिकाको वडा नं १, ३ र ४ वडामा काँक्रोखेती हुँदै आएको छ । यहाँको करिब दुई सय बिघा क्षेत्रफलमा समूह र व्यक्तिगत गरी किसानले काँक्रोखेती लगाउँदै आएका छन् । समूह र व्यवसाय दर्ता गरी काँक्रोखेती लगाएका किसानलाई ५० प्रतिशत अनुदानमा बीउ, प्लास्टिक मल्चिङ्क, प्याकेजिक प्लास्टिक, तौल काटा, डोरीलगायतका सामग्री गाउँपालिकाले सहयोग गर्दै आएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताउनुभयो । गाउँपालिका क्षेत्रबाट उत्पादन हुने तरकारीजन्य वस्तुको बजारीकरणमा गाउँपालिकाले सहयोग गर्दै आएको अध्यक्ष पाण्डेको भनाइ छ । रासस

# व्यावसायिक खेती प्रवर्द्धन गर्न किसान कार्ड

सुर्खेत, ५ पुस
निर्वाहमुखी तरकारी खेती गर्दै आएका वीरेन्द्रनगर-१० रहलपुरका कृषक व्यावसायिक तरकारी उत्पादन गर्न लागिपरेका छन् । भारतबाट तरकारी आयात नियन्त्रण गर्दै स्थानीय उत्पादनलाई बढवा दिने उद्देश्यले व्यावसायिक तरकारी खेती गर्न अग्रसर भएका हुन् । निर्वाहमुखी तरकारी खेती गर्दै आएका कृषकलाई व्यावसायिक बनाउन युएसएड नेपालको सहयोगमा सञ्चालित सिसा परियोजनाले किसान कार्ड (क्रेडिट) कार्ड र कार्डबाट किसानले रु ५० हजार बराबरको तरकारीको बीउ र अन्य कृषि सामग्री किनमेल गर्न पाएपछि कृषक व्यावसायिक तरकारी खेतीमा आकर्षण बढ्दै गएको हो । वीरेन्द्रनगर-१० रहलपुरकी राधा चौधरीले १० कट्ठा जमिनमा तरकारी खेती लगाएको बताए । उनले तरकारी खेतीबाट राम्रो आम्दानी भएपछि रोजगारीका लागि समेत बाह्य जानुपर्ने समस्या समधान भएको जानकारी दिए । तरकारी खेती गर्ने सीप र आवश्यक पर्ने बीउबिजन किन्नका लागि क्रेडिट कार्ड पाएसँगै आफ्नो पाँच जनाको परिवार तरकारी खेती गरेको, उनले भने । उनले भने , परिवारका पाँच जना सदस्य नै बिहान सबेरैदेखि साँझ अबेरसम्म कृषि व्यवसायमै व्यस्त हुन्छौँ, आलु, काउली, टमाटर, धनिया, साग, मुलालगायत मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएका छौँ र दैनिक ५० किलो तरकारी बेच्ने गरेका छौँ । कार्ड पाएपछि आवश्यक बीउबिजन, विषादी, कृषि उपकारणलगायत सामग्री किन्न सजिलो भएको चौधरीले बताए । उनले भने , घरमा पैसा नभए पनि समस्या छैन, क्रेडिट कार्ड पाएपछि कृषि व्यवसायमा ठूलो राहत मिलेको छ । उनी जस्तै वीरेन्द्रनगर-९ की शान्ति चौधरीले पनि सात कट्ठामा तरकारी खेती सुरु गरेका छन । उनले दैनिक ५० किलोसम्म तरकारी बिक्री गरी मासिक रु एक लाखसम्म आम्दानी गर्ने गर्नुभएको छ । उनले घरमा तरकारी लगाए पनि निर्वाहमुखी थियो, त्यति तरकारीले घरमा खान पुग्दैन थियो । तरकारी किन्न हामी आफैँ बजार आउँथ्यौँ, अहिले आफैँ व्यावसायिक तरकारी खेती गरेर मनग्य आम्दानीसँगै परिवारका लागि खाने तरकारी प्रशस्त फलाउने गरेका छौँ, उनले थपे , पाँच जनाको परिवारको खर्च सजिलै टरेको छ, महिनामा कम्तीमा रु एक लाखसम्म बचत गरिरहेका छौँ । उनको तरकारी बारीमा अहिले काउली, आलु, लसुन, धनिया, साग, मुला, टमाटरलगायत तरकारी उत्पादन भइरहेको छ । सिसा परियोजनाले मेगा बैंकसँग सहकार्य गरी चिप्ससहितको क्रेडिट कार्ड बनाएको हो । सुर्खेतमा पहिलो चरणमा ५० जनाले कार्ड पाएका छन् । जिल्लाभरि दुई सय जनालाई यो वर्ष परिचयपत्र वितरण गरिने सिसा परियोजनाका अधिकृत अष्ट प्रजापतिले बताउनुभयो । उहाँले परियोजनामार्फत किसानलाई खाताबुकसमेत दिएको र किसानले हरेक दिन बेच्ने तरकारी नाम, बिक्री भएको परिणाम, खर्च र जम्मा भएको रकम खातामा टिपेर राख्ने गरेको बताए । उनले भने , किसानले कति आम्दानी र खर्च भयो भन्नेबारे दैनिक लेखाजोखा गरेका छन् ।

क्रेडिट कार्डसहितको परिचयपत्रले रहरपुर, गुम्रा र प्रसेनीका किसान अहिले कृषि पेसामा मोहित भएको परियोजना अधिकृत प्रजापतिले बताए । उनले व्यावसायिक कृषिमा अग्रसर भएका महिलाहरूको प्रगति देखेर नेपालका लागि अमेरिकी राजदूत डिन थम्पसनलगायतको टोली खुसी भएको बताए । रोजगारीसँगै मासिक रु एक लाखसम्म आम्दानी गर्न थालेपछि त्यस वरिपरिका किसानसमेत व्यावसायिक तरकारी खेतीतर्फ आकर्षण बढेको स्थानीयवासीले बताए । तरकारी खेती चलन नै थिएन, पछिल्लो समय बजारमा तरकारीको मूल्य राम्रो पाउने भएपछि किसान सबै तरकारी खेतीमा लागेको छन् एक स्थानीयवासी बताउँछन् ।रासस

# विद्यालयमै च्याउखेती

कटारी, ५ पुस
उदयपुरको कटारी नगरपालिका-४ स्थित त्रिवेणी माविका कृषि प्राविधिकतर्फका कक्षा ११ का विद्यार्थीले च्याउखेतीबाट आम्दानी लिन थालेका छन् । उनीहरूले आम्दानी लिँदा यस क्षेत्रको च्याउ पारखीहरूलाई ताजा च्याउको स्वाद पनि मिलेको छ ।

कक्षा ११ को सैद्धान्तिक अध्ययनसँगै विद्यार्थीले अभ्यासमार्फत च्याउखेती गरेका हुन् । किताब पढ्नेमात्रै होइन यसलाई व्यवहारमा उतार्नका लागि खेती गरेका हौँ, छात्र विवश लामिछाने भन्छन, भविष्यमा यही खेतीबाट आम्दानी गरेर जीविकोपार्जन पनि गर्न सकिन्छ नि । २२ विद्यार्थीले रु ८० हजारको लागतमा सुरु गरेको च्याउखेतीबाट पहिलोपटकमै रु ४० हजार आम्दानी लिइसकेका छन् । दुई टनेलमा गरिएको खेतीबाट चार पटकसम्म च्याउ उत्पादन निकाल्ने तयारी विद्यार्थीको छ। पढाइसँगै सीप र आम्दानीबाट पढाइका लागि च्याउखेती गर्दै आएका विद्यार्थी बताउँछन् । यसको आम्दानीले विद्यालयमा लाग्ने खर्चमा खर्च गर्छौं, छात्र सन्देश भण्डारीले भने - पढाइसँगै सीप पनि सिक्छौँ र पढ्न खर्च पनि बनाउँछौँ ।

भविष्यमा च्याउखेतीबाट पनि आम्दानी लिन सकिने उद्देश्यले कक्षाबाट बचेको समयमा च्याउखेती गरिरहेको छात्रा कल्पना भण्डारीले बताए । कटारीमा च्याउको मागअनुसार उत्पादन नभएको पाइएपछि च्याउखेती गरिएको विद्यार्थीको भनाइ छ । विद्यार्थीलाई सुरुमा लगानी विद्यालयले नै गर्ने गरेको छ । विद्यालयको लगानीबाट नाफा निस्किएको रकम विद्यार्थीले नै बाँडेर पढाइलगायत अन्य खर्च गर्न सक्नेछन् । विद्यार्थीलाई अध्ययनसँगसँगै अभ्यास पनि हुने भएकाले प्रभावकारी हुने विद्यालयका प्रधानाध्यापक वालकृष्ण कार्की बताउनुहुन्छ । पढेको सीपलाई व्यावसायिक रूप दिनलाई यो कार्य विद्यार्थीले नै सञ्चालन गर्ने गरेका छन् । दिवा समयमा विद्यालयको कक्षा कार्यसँगै विद्यार्थीले च्याउको अवस्था र यसलाई कसरी राम्रो बनाउन सकिन्छ भनेर खट्ने गरेका छन् । उनीहरूले उत्पादन गरेको च्याउ विद्यालयमै बिक्री हुने गरेको छ । च्याउको माग बढ्दै गएको उनीहरू बताउँछन् । जाडो मौसममा राम्रो उत्पादन हुने कन्या च्याउ लगाइएको जनाउँदै विद्यार्थीले सामूहिकरूपमा समेत यसको आम्दानीलाई खर्च गर्ने बताउँछन् । यस विद्यालयका विद्यार्थीले यसअघि गएको तिहारमा सयपत्री फूलखेती गरेर पनि राम्रो आम्दानी गरेका थिए । रासस



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकाको दुर्गा चोकमा मङ्गलबार बिहान बाक्लो हुस्सुका बीच आगो ताप्दै स्थानीय।
तस्बिर: सञ्जीतकुमार मण्डल, रासस

# कांग्रेस दलको नेतामा देउवा र थापाको उम्मेदवारी



काठमाडौँ, ५ पुस
नेपाली कांग्रेस संसदीय दलका नेताको निर्वाचनमा प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवा र महामन्त्री गगनकुमार थापाले उम्मेदवारी दिएका छन । सिंहदरबारस्थित संसदीय दलको कार्यालय परिसरमा पुगेर दलको नेताका लागि सभापति देउवा र महामन्त्री थापाले उम्मेदवारी दर्ता गराएका हुन । सभापति देउवाको प्रस्तावकमा वरिष्ठ नेता रामचन्द्र पौडेल र समर्थकमा उपसभापति पूर्णबहादुर खड्का रहेका छन । त्यस्तै महामन्त्री थापाको प्रस्तावक डा शेखर कोइराला र समर्थकमा उपसभापति धनराज गुरुङ र महामन्त्री विश्वप्रकाश शर्मा छन । कांग्रेस संसदीय दलको नेताको निर्वाचन पुस ६ मा हुँदैछ। मतदान बुधबार बिहान ८ देखि १० बजेसम्म कांग्रेस संसदीय दलको कार्यालय परिसरमा हुनेछ ।रासस

## स्कूल जान्छु भनेर ......................................

छात्रा हुन् चाँदनी कुमारी यादव । उनले पनि टिपर चालकले गाडी व्याक' गरि उनलाई किचेर मारेको बताईन् । मृतक रिताको बुवा शंकर यादव रोजगारको शिलशीलामा विदेशमा छन् ।

### रुपनीमा तनाव

सप्तरीको रुपनी दिनभर तनावपूर्ण रहयो । रुपनी-राजविराज सडक खण्ड अन्तर्गत रुपनी चोक देखि सय मिटर दक्षिण्मा मंगलवार विहान साढे नौ बजेको समयमा साईकल चढेर स्कूल जाँदै गरेकी रुपनी गाउँपालिका वडा नम्बर १ बस्ने शंकर यादव कि १२ बर्षीय छोरी रिताकुमारी यादवलाई ना १ क ८५४२ नम्बरको टिपरले ठक्कर दिएपछि उनको मृत्यू भयो ।
बालिकाको घटनास्थलमै मृत्यु भएपछि उनका आफन्त, स्थानीय र विद्यालयका बालबालिकाहरु समेत आक्रोशित भई पुर्व-पश्चिम राजमार्ग संगै रुपनी-राजविराज सडक खण्ड अवरुद्ध पारेर प्रदर्शनमा उत्रिएपछि त्यहाँको स्थिति तनावग्रत बन्यो । गाडी र चालकलाई नियन्त्रणमा लिन प्रहरीलाई हम्मे हम्मे परेको थियो ।
आक्रोशित बनेका प्रदर्शनकारीहरुले प्रहरी माथि ढुङ्गामुढा प्रहार गर्न थालेपछि तनावग्रस्त भएको रुपनीमा स्थितीलाई नियन्त्रणमा लिन प्रहरीले ८ राउण्ड अश्रुग्यास र १० राउण्ड हवाइ फायर गरेको थियो ।

### वार्तापछि अवस्था सामान्य

जिल्ला प्रशासन कार्यालय सप्तरीमा भोली बुधवार वार्ता गर्ने सहमतिपछि सप्तरीको रुपनीको अवस्था सामान्य भएको छ ।
राजविराज-रुपनी सडक खण्ड अन्तर्गत मंगलबार विहान साढे नौ बजेको समयमा टिपरको ठक्करबाट बालिकाको मृत्यु भएपछि दिनभर तानवग्रस्त रहेको सप्तरीको रुपनीको अवस्था पहिलो चरणको वार्तापछि सामान्य बनेको हो । ईलाका प्रहरी कार्यालय रुपनीमा भएको पहिलो चरणको बार्तामा चालकलाई कारवाही, मृतकलाई क्षतिपुर्ती, निर्माण व्यवसायीबाट थप क्षतिपुर्तीको व्यवस्था लगायतका विषयमा सहमतिपछि पुर्व-पश्चिम राजमार्ग र राजविराज रुपनी सडकको जाम खुलाईएको वार्तामा सहभागी रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले जानकारी दिए । बुधवार ११ बजे जिल्ला प्रशासन कार्यालयमा सडक डिभिजन कार्यालय लहान, निर्माण व्यवसायी र सुरक्षा निकायबीच वार्ता हुने जिल्ला प्रहरी कार्यालय सप्तरीका नायव प्रहरी उपरीक्षक नरेशकुमार सिंहले बताए । "भोली ११ बजे सबै पक्षलाई बोलाएर वार्ता गर्ने सहमति भएको छ, अहिलेलाई प्रहरीले मुचुल्का गरेर घट्नास्थलबाट शब पोष्टमार्टमका लागि पठाउने सहमति भएको छ" प्रहरी नायव उपरीक्षक सिंहले भने । भोलीको वार्तामा माग पुरा नभए सम्म मृतकको शव नबुझ्ने वार्तामा सहभागी रुपनी गाउँपालिकाका पुर्व अध्यक्ष हरेराम यादवले जानकारी दिए । मृतकको तर्फबाट कन्छु नरप्रताप मावि नकटी रायपुरका प्रधानाध्यापक परशुराम यादव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष दुर्गानन्द ठाकुर र आफन्तजन लगायतका वार्तामा सहभागि थिए ।

## किसानी सधैं निर्वाहमूखि.................................

देशमा कतिपय नयाँ बाली (किवी, अनार, ड्रागन फ्रुट, सजिवन, कुश आदि) र तीनको खेती गर्ने तरीका (प्लाष्टिक टनेल, थोपा सिँचाई, स्प्रिङ्कल सिँचाई, वर्षा पम्प, आदि) तथा पशुपन्छी (कालीज, बट्टाई, टर्की आदि) पालन जस्ता नौला प्रविधि भित्रिन थालेका छन्। कृषिको व्यवसायिकरण र प्रवर्द्धन गर्ने दिशामा यस्ता प्रविधिको ठूलो भूमिका रहने छ। कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनमा आए पश्चात देशमा केही महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरू भइरहेका छन्। यिनीहरू मध्ये नयाँ संविधान र दीगो विकास लक्ष्यको घोषणा, बीस बर्षे कृषि विकास रणनीति (२०१५-२०३५) को तर्जुमा तथा कार्यान्वयन, र विश्वव्यापी रुपमा कोभिड १९ को समस्या उल्लेखनीय रहेका छन्। तसर्थ, कतिपय कार्यान्वयनमा आएका नीतिहरूमा पनि केही परिमार्जन, सुधार र थप विषय समावेश गर्न आवश्यक देखिन आएको छ। (राष्ट्रिय योजना आयोगको कृषि व्यवसाय प्रवर्द्धन नीतिको समीक्षा सम्बन्धी अध्ययन प्रतिवेदनको एक अंश)
श्रोत: आइएनएस-स्वतन्त्र समाचार

# तरकारी व्यापारले फेरियो महिलाको जीवनस्तर



जनकपुरधाम, ५ पुस
केही वर्षअघिसम्म गाउँको साहुमहाजनमा बनिबुतो गरी परिवारको गुजारा गर्दै आउनुभएकी सप्तरी डाँक्नेश्वरी नगरपालिका-१ कबिलासाकी सुर्तीदेवी सदालाई आजभोलि बजारमा तरकारी पुऱ्याउन भ्याननभ्याइ छ । सामान्य लेखपढ गर्नसमेत नजानेकी सुर्तिदेवीलाई अहिले बिहान हुने बित्तिकै तरकारी कहाँबाट खरिद गरेर ल्याउने र गाउँ नजिकैको सहरमा कतिबेला पुऱ्याउने भन्ने हतारो हुन्छ । दुई वर्षअघिसम्म रकमको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी सदालाई अहिले भने तरकारी खरिद बिक्रीलाई आफ्नो आयआर्जनको राम्रो आधार बनाएका छन । आयआर्जनको गतिलो आधारसँगै उहाँको जीवनमा परिवर्तन मात्र होइन् परिवारको पहिचानसमेत फेरिएको छ । आयआर्जनको ठोस् आधार नपाउँदा केही वर्षअघिसम्म गाउँकै साहुमहाजन कहाँ हरवा चरवाको रुपमा बनिबुतो गर्दै आएको विगतको अतित सम्झिँदै उहाँले भन्नुभयो,"पहिले ज्याला मजदूरीमा सधैँ काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालनपोषण गर्न धौधौ हुन्थ्यो ।
"हरवाचरवाको रुपमा काम गर्दा मात्र तीन किलो धान मात्र ज्याला पाउथ्ये, त्यसकारण परिरवार चलाउन समस्या हुन्थ्यो । उनले भने ,"तर अब मेरो त्यो दुःखको दिन हट्यो ।" अहिले तरकारी व्यापार गरेरै पाँच जनाको उनको परिवार चलेको छ । दुई वर्षदेखि तरकारीको व्यवसाय सुरु गर्नुभएकी उहाँले परिवारको गुजारा चलाउनु मात्रै होइन्, छोराछोरीलाई नजिकै विद्यालयमा पढाउँदै आएका छन ।
त्यति मात्रै होइन्, त्यही तरकारी व्यापारबाट १० धुर जग्गासमेत जोडेका छन । सधैँ घरबाट निस्कन र बोल्न लजाउने स्वभावकी स्थानीय वसन्तीदेवी सदालाई पनि यतिबेला मौसम अनुसारको हरियो तरकारी खरिदबिक्री गर्न भ्याइनभ्याइ छ । श्रीमान् को मृत्युछि आर्थिक रुपमा कष्टपूर्णजीवन विताइरहेकी वसन्तीदेवीकोतरकारीव्यापारबाट राम्रो आम्दानी हुन थालेसँगै जीवनयापन सहज बनेको छ । "पतिको मृत्युपछि कसरी गुजारा गर्ने भन्ने चिन्ता थियो", वसन्तीदेवीले भन्नुभयो,"तर विगत दुई वर्षदेखि तरकारी व्यापार सुरु गरेपछि अहिले त्यो चिन्ता हटेको छ, राम्रो आम्दानी हुन थालेपछि आफ्नो दुःखको दिन टरेको महसुस भइरहेको छ ।" समान्य घरायसी गर्जो टार्न समेत साहु महाजनसँग ऋण माग्न बाध्य सोही ठाउँकी कुशेश्वरी सदाको त्यो समस्या टरेको छ । सुर्तिदेवी र वसन्तीदेवी जस्तै कुशेश्वरी सदा पनि तरकारीको व्यापार थालेपछि परिवारको गर्जो टार्न साहुमहाजनसँग ऋण काट्नुपर्ने बाध्यता हटेको बताउछन । अशिक्षा र अज्ञानताका कारण आर्थिक विपन्ता झेल्दै आएका सो दलित बस्तीका महिलाको जीवनमा उनीहरुकै अग्रसरताबाट गठन भएको समूहबाट आएको हो । "सुरु सुरुमा म धेरै लजाउँथे, के गरौँ नगरौँ भन्ने थाहै थिएन्, सधैँ मजदूरी गरेर जेनतेन परिवार मात्रै पाल्थे", कुशेश्वरीले भन्नुभयो,"तर, जब गाउँमा हरवाचरवा सशक्तीकरण कार्यक्रम अन्तर्गत यहाँका महिला समूह बनाएर बचत तथा ऋण गरे, तबदेखि मेरो जीवनमा परिवर्तन आयो ।"' द' फ्रिड्म फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीद्वारा सञ्चालित हरवारचवा सशक्तीकरण कार्यक्रम अन्तर्गत गठित महादेव हरवाचरवा बचत तथा ऋण समूहमा आवद्ध भएकी कुशेश्वरीले पाँच हजार अनुदान सहयोगमा दुईबर्ष अघिबाट तरकारी व्यापार सुरु गरेका छन । उनीहरु राजविराज, सिरहाको लहान, गोलबजार, धनगढीमाई लगायतको बजारबाट सस्तोमा तरकारी खरिद गरी स्थानीय पातो, तरही, मधुवनी , ब्रहमपुरलगायतको बजारमा तरकारी व्यापार गर्दै आएका छन । "अहिले त्यही व्यापारबाट दैनिक तीन सय देखि एक हजारसम्म नाफा भइरहेको छ", कुशेश्वरीदेवीले भने ,"तरकारी व्यापारबाट हुने कमाइले परिवारको गुजारा चलाउनेदेखि मासिक बचतसमेत गर्दै आएकी छु ।" व्यापार फस्टाउँदै गएपछि ऋण चुक्ता गएर समूहमै बचत गर्दै आएको उनको भनाइ छ । "सुरु सुरुमा तरकारी व्यापार गर्न लाज लाग्दै थियो", वसन्तीदेवीले भने ,"तर केन्द्रले सञ्चालन गरेको हरवाचरवा सशक्तिकरण कार्यक्रम अन्तर्गत साना व्यापारसम्बन्धी प्रशिक्षण लिएपछि विस्तारै मलाई पनि हिम्मत आयो र लाज मानेरै भए पनि तरकारी किनबेचलाई निरन्तरता दिँदै आएकी छु ।" अहिले पति बैधनाथहित परिवाकारका सदस्यबाटसमेत व्यापारमा राम्रो साथ पाइरहेको उनले सुनाए ।
तरकारी व्यापारका कारण अहिले साहुमहाजनको ऋणबाट मुक्तिबाट मात्र होइन् गरिबी जीवनबाटसमेत छुटकारा पाएको अनुभव हुँदै गएको सुर्तिदेवीको भनाइ छ । दलित बस्तीका महिलाको कामबाट आफुहरु उत्साहित भएको सुनाउँदै श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता नरेश सदाले भने ," मैथिलीमा एउटा भनाइ छ, जेने करे कपार, से करे व्यापार (जे सम्भव छैन् भाग्यबाट त्यो सम्भव छ, व्यापारबाट) हो रहेछ, त्यो मैले महसुस गरेँ ।"महादेव हरवाचरवा ऋण तथा बचत समहूमा दलित हरवाचरवा परिवारका ४३ जना आवद्ध रहेको समूहका अध्यक्ष कैलु सदाले बताए । समूहमा आवद्ध महिला तथा पुरुष आफ्नो कमाइबाट भएको आम्दानीमध्ये मासिक रु ५० का दरले बचत गर्छन् ।
आर्थिक समस्यामा परेका सदस्यलाई बैठकबाट ऋण दिने र लगानी गर्ने गरेको उहाँको भनाइ छ । गत २०७८ सालमा गठन भएको सो बचत तथा ऋण समूहमा हाल रु १६ हजार बचत भएको र त्यसमध्ये रु १४ हजार समूहमा लगानी रहेको सचिव चन्द्रकान्त सदाले बताए । निकट भविष्यमै सहकारीमा दर्ता गराउने तयारी गरेको छ ।रासस

# प्राधिकरणले बेच्यो ११ अर्ब १६ करोडको बिजुली

काठमाडौँ, ५ पुस
नेपाल विद्युत् प्राधिकरणले एक अर्ब ३५ करोड ७७ लाख ५७ हजार युनिट बिजुली भारत निर्यात गरेको छ। प्राधिकरणले गत जेठ १९ देखि यही पुस ३ सम्म बिजुली निर्यात गरी रु ११ अर्ब १६ करोड ३० लाख आम्दानी गरेको छ । प्राधिकरणले देशभित्र खपत गरी बढी भएको बिजुली भारतलाई बिक्री गरेको हो । प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स) को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत् बिक्री सुरु गरेको थियो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने भएकाले यस करोड ४२ लाख ४० हजार आर्जन गरेको छ। चिसो बढ्दा काठमाडौँ उपत्यकालगायतमा विद्युत् माग बढेको तर खोलानालामा पानीको वहाब घट्दा नदी प्रवाहमा आधारित जलविद्युत् केन्द्रबाट उत्पादन कम भएसँगै विद्युत् निर्यात बन्द भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । उनले देशभित्रको उत्पादन घट्दा हिउँदयामका करिब चार महिनाको विद्युत् माग धान्न भारतबाट विद्युत् आयात गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको उल्लेख गर्नुभयो । घिसिङले आगामी वैशाख अन्तिम वा जेठको पहिलो




अवधिमा विद्युत् बिक्रीबाट ६ अर्ब ९७ करोड ६९ लाख भारु नेपाल भित्रिएको छ । यसबाट मुलुकको वैदेशिक मुद्राको सञ्चिति बढाउनमा पनि योगदान पुगेको छ । सुरुमा दुईवटा जलविद्युत् केन्द्रबाट उत्पादित ३९ मेगावाट विद्युत् लाई स्रोत मानी दैनिक रुपमा आइएक्समा बिक्री सुरु गरिएको थियो । त्यसपछि गत जेठ २७ बाट छ वटा जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा तीन सय ६४ मेगावाट भारतीय बजारमा दरमा बिक्री गरिएको थियो । प्राधिकरणले गत कात्तिक १८ र ३० देखि थप दुई जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् निर्यात गर्न स्वीकृति पाएको थियो । योसँगै आठ जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत्लाई स्रोत मानी भारततर्फ निर्यात हुने विद्युत् को स्वीकृति क्षमता चार सय आठ मेगावाट बराबर पुगेको थियो । प्राधिकरणले गत आर्थिक वर्ष २०७८/७९ को जेठ तथा असारमा २९ करोड ९१ लाख युनिट विद्युत् निर्यात गरी रु दुई अर्ब ८३ करोड ८८ लाख आम्दानी गरेको थियो । चालु आवको पुस ३ सम्ममा एक अर्ब पाँच करोड ८६ लाख ३४ हजार युनिट विद्युत् निर्यात गरी रु आठ अर्ब ३२ हप्ताबाबाट फेरि विद्युत् निर्यात सुरु हुने बताए । "देशभित्रको उत्पादन घट्दा आन्तरिक माग धान्न दैनिक रुपमा विद्युत् आयात सुरु भएको छ, विद्युत् आयात करिब चार महिनासम्म रहने हाम्रो प्रक्षेपण छ, तर विद्युत् आयात परिमाण निर्यातभन्दा कम हुनेछ", उनले भने । विगतका वर्षमा विद्युत् निर्यात परिमाण आयातभन्दा कम हुने गरेकोमा यस वर्षबाट निर्यात बढी र आयात कम हुनेछ । प्राधिकरणले आइएक्सको प्रतिस्पर्धी बजारमा विद्युत् बिक्री र खरिद गर्दै आएको छ। "आइएक्सबाट मात्र खरिद गर्ने या उत्पादकसँग छोटो अवधिको विद्युत् खरिद सम्झौता गरी आयात गर्ने भन्ने बारेमा छलफल भइरहेको छ", उनले उल्लेख गरे । त्यसका लागि प्राधिकरणले बजार अध्ययन गरिरहेको उनको भनाइ छ । आइएक्समा विद्युत खरिद बिक्रीका लागि २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणले ३ पुससम्म निर्यात गरेको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ २२ पैसा छ ।रासस





हिन्दी फिल्म पठानमा रहेको गीत वेशरम रंगमा प्रयोग गरिएको भिडीयो फुटेज र प्रयोग भएको अश्लिल दृश्यका कारण भारतमा फिल्मलाई वायकट गर्नेहरुको संख्यामा वृद्धि । तस्विर : एजेन्सी

# भलिबल खेल्न नेपाली टोली बङ्गलादेश प्रस्थान



काठमाडौं, ५ पुस
बङ्गलादेशमा आयोजना हुने २३ वर्ष मुनीको काभा यू-२३ अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा भाग लिन नेपाली टोली मंगलवार बङ्गलादेशको राजधानी ढाका प्रस्थान गरेको छ। ढाकामा यही पुस ७ देखि ११ सम्म आयोजना हुने प्रतियोगितामा सहभागिता जनाउनका लागि १९ सदस्यीय टोली आज त्यसतर्फ प्रस्थान गरेको हो । प्रतियोगितामा आयोजक बङ्गलादेशसहित नेपाल, कीर्गिस्तान र श्रीलङ्का गरी चार राष्ट्रले भाग लिनेछन् । प्रतियोगितामा चार टोलीले मात्र भाग लिने भएकाले सबै टोली सेमिफाइनलमा पुगिसकेका छन् । सहभागी टोलीले राउन्ड रोबिन लिगका आधारमा खेल्नेछन् । प्रतियोगिताको उद्घाटन खेलमा पुस ७ मा हुनेछ । जसमा नेपाल र आयोजक बङगलादेश प्रतिष्पर्धा गर्नेछन् । नेपालले दोस्रो खेल पुस ८ मा श्रीलङ्काविरुद्ध खेल्नेछ भने लिग चरणको अन्तिम खेल पुस ९ गते कीर्गिस्तानसँग हुनेछ । प्रतियोगिताको फाइनल खेल पुस ११ मा हुनेछ। प्रतियोगितमा सहभागिता जनाउन जाने नेपाली टोलीलाई यसअघि नै नेपाल भलिबल सङ्घले सफलताको शुभकामना दिदैं विदाइ गरेको थियो। नेपाली टोलीमा रवि केसी, सन्तोष खत्री, धिरोजकुमार बस्नेत, अर्जुन नेपाली, रुपबाहदुर गुराउ, विष्णु बस्नेत, सन्तोष महता, सफल विक, मनिष मानन्धर, हेमन्त मल्ल, देवप्रकाश जोशी, सम्राट भण्डारी, गौरव पाण्डे र भीमराज गुरुङ रहेका छन्। टोलीको मुख्य प्रशिक्षकमा जगदिशप्रसाद भट्ट र सहायक प्रशिक्षक भरत यादव छन । रासस

# जापानविरुद्ध सैन्य कदम चाल्ने कोरियाको चेतावनी

सोल, ५ पुस
उत्तरकोरियाले जापानविरुद्ध कडा सैन्य कदम चाल्ने चेतावनी दिएको छ ।
जापानले आफ्नो राष्ट्रिय सुरक्षा रणनीति घोषणा गरेको चारदिनपछि प्योङयाङबाट यस्तो चेतावनी आएको हो ।
जापानको सुरक्षा रणनीतिले आफ्नो सैन्य क्षमता तथा प्रतिआक्रमणलाई विफल बनाउन नीतिलाई उच्च महत्व दिएको छ भने चीन र उत्तरकोरियाविरुद्ध थप आक्रामक बन्ने लक्ष्य लिएको छ । उत्तरकोरियाली विदेशमन्त्रालयले राष्ट्रिय सुरक्षा रणनीतिमार्फत जापानले आत्मरक्षाका निम्ति नभई अन्य देशमा हमला गर्न आफ्नो सैन्य शक्ति विस्तार गरेको टिप्पणी गरेको छ । मन्त्रालयका अज्ञात प्रवक्ताले जारी गरेको विज्ञप्तिमा अमेरिकाले जापानको सैन्य महत्वाकाङ्क्षा बढाएर कोरियाली प्रायद्वीपको शान्तिलाई कमजोर पार्ने प्रयास गरेको आरोप लगाइएको छ । उत्तरकोरियामाथि आक्रमण गर्ने अमेरिकी प्रयासलाई विफल तुल्याउन नयाँ रणनीतिक हतियार विकास गर्न आफूलाई बाध्य पारिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।
"जापानको रणनीतिका कारण उत्पन्न भएको क्षेत्रीय सुरक्षाको जटिलतालाई दृष्टिगत गरी आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्न दृढ एवम् निर्णायक सैन्य कदम चाल्न उत्तरकोरिया तयार छ," विज्ञप्तिमा भनिएको छ । सन् १९१० देखि १९४५ सम्म जापानको उपनिवेश रहेको कोरियाली प्रायद्वीपमाप जापानविरोधी भावना अद्यापि कायम छ । विशेष गरी उत्तरकोरियाले जापानको कठोर शब्दमा आलोचना गर्दै आएको छ । जापानका कारण आफ्नो देशले अकल्पनीय पीडा झेल्नुपरेको प्योङयाङको ठम्याइ छ । (रासस/एपी)



# ग्यास सिलिण्डर विष्फोट

इस्लामावाद, ५ पुस
पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको लासबेला जिल्लाको एक बजारमा ग्यास सिलिण्डर विष्फोट हुँदा कम्तीमा १२ जनाको मृत्यु भएको छ भने अन्य १३ जना घाइते भएका छन् ।
स्थानीय अधिकारीहरूका अनुसार लासबेलाको बेला क्षेत्रमा अवस्थित ग्यास भर्ने पसलमा सिलिण्डरमा ग्यास भर्ने क्रममा विष्फोट हुँदा उक्त हताहति भएको हो । विष्फोटसँगै पसल वरपर भीषण आगो लागेको थियो । आगोमा परी २५ जना घाइते भएका तथा ती मध्ये १२ जनाको मृत्यु भएको हो ।
घाइतेहरूलाई तत्काल दक्षिण बन्दरगाह शहर कराँचीको सिभिल अस्पताल भर्ना गरिएको थियो । उपचारका क्रममा उनीहरूको मृत्यु भएको हो । अधिकांश घाइतेको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने अधिकारीहरूले बताएका छन् ।
विष्फोटबाट शुरु भएको आगोले ग्यास भर्ने पसलमा राखिएका अन्य सिलिण्डर पनि विष्फोट हुँदा नजिकैका चार वटा पसल तथा 'पार्क' गरिएका १२ वटा सवारी साधन ध्वस्त भएका छन् ।
(रासस/सिन्ह्वा)

# नाइजेरियामा हैजाबाट एकाउन्न जनाको मृत्यु

अबुजा, ५ पुस
नाइजेरियामा फैलिएको हैजाको प्रकोपबाट मृत्यु हुनेको संख्या ५१ जना पुगेको छ । यहाँका स्वास्थ्य अधिकारीहरुले यहाँ हैजाबाट कम्तीमा पनि ५१ को ज्यान गएको जानकारी गराएका छन् । उनीहरुका अनुसार नाइजेरियामा सोमबार मात्र ३१ जनाको ज्यान गएको छ । यसअघि आइतबारसम्म यहाँ २० को ज्यान गएको बताइएको थियो ।सोमबार मात्र यो संख्या बढेर ५१ पुगेपछि यो सोमबार मात्र ३१ जनाको ज्यान गएको प्रमाणित भएको हो ।पछिल्ला केही महिनायता हैजाको प्रकोप बढेको समाचारमा जनाइएको छ ।नाइजेरियाको दक्षिणी क्रस रिभर राज्यमा बढी मात्रामा हैजाको प्रकोप बढेको देखिएको समाचारमा जनाइएको छ । ज्यान जानेमा सोही राज्यका नागरिक बढी रहेका पनि समाचारमा उल्लेख गरिएको छ । यहाँको उक्त राज्यको स्थानीय अबि क्षेत्रका १० गाउँमा बढी मात्रामा हैजाको प्रकोप फैलिएको उनीहरुको भनाई छ ।नाइजेरियाली सरकारले यहाँका १० ओटा गाउँमा हैजा फैलिएको पाइएकोले त्यसको अनुसन्धान थालिएको जनाएको छ ।
यहाँका ती गाउँमा मात्र सयौँ मानिस विरामी भइ अस्पताल भर्ना भएका छन् । यहाँका ती जिल्लामा केही हप्तादेखि झाडा पखालाका विरामी बढेको पाइएको थियो । ती विरामीमा हैजाको प्रकोपको आशङ्कामा अनुसन्धान गरिएको थियो ।यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएअनुसार यहाँ गएको बुधबारदेखि हैजा सङ्क्रमण भएको पाइएको हो । सरकारले ती क्षेत्रमा सफा पानीको प्रबन्ध र सरसफाईका कामलाई अघि बढाएको जनाएको छ। साथै गाउँलेहरुलाई सरसफाईसम्बन्धी सचेतना कार्यक्रम पनि सञ्चालन गरिएको बताइएको छ । यहाँका घना बस्तीहरुमा खानेपानी, सरसफाई तथा अन्य आवश्यक स्वास्थ्य पूर्वाधारको अभावमा नाइजेरियामा हैजाको प्रकोप बारम्बार फैलिने गरेको बताइन्छ । (रासस/सिन्ह्वा)



## मधेश प्रदेश सभाको ......................................

सदस्यहरुलाई शपथ ग्रहण पश्चात सरकार गठन हुन्छ । ती सरकारको सिफारिसमा प्रदेश प्रमुखले बैठकको मिति तय गर्नेछ । ज्येष्ट प्रदेश सभा सदस्य न्यौपाने नसा सम्बन्धी रोगको कारण केही दिनअघि बिरामी पर्नु भएको थियो । उपचारपछि अहिले उहाँ काठमाडौ स्थित आफ्नो विरेन्द्र न्यौपानेको घरमा बेडरेस्टमा रहेको बुझिएको छ । एक्कासी बिरामी परेपछि उनलाई उपचारका लागि काठमाडौ लगिएको थियो। प्रदेश सभा बैठकका लागि तयारी बारे सचिव यादवले भने खासै तयारी गर्नुपर्ने छैन । सभाहल र माननीय बस्ने कुर्सीहरु छदैछन । सरकार गठनपछि सत्ताधारी दल, प्रातिपक्षी यकिन भएपछि त्यसमा दलहरुको नामावली टाँस्ने काम हुन्छ । नयाँ दल थपिएकोमा तिनीहरुको सचिवालयका लागि फर्निचर र भवन व्यवस्थापन गर्नुपर्ने र कार्यालयका लागि थपिर्ने फर्निचर लगायतका व्यवस्थापन गर्नुपर्नेछ । त्यसका लागि सचिवालयको आइतवार बस्ने बैठकबाट के कतिको काम गर्नुपर्ने हो बारे निर्णय भएपछि कार्य अघि बढाइनेछ ।
यस पटक प्रदेश सभाको ज्येष्ट सदस्य न्यौपाने नेकपा एकीकृत समाजवादी पार्टीबाट निर्वाचित प्रदेश सभा सदस्य हुन । उनी नयाँ कार्यकालका लागि दोहरिएका हुन । यसअघि प्रदेश सभाको पहिलो बैठकको अध्यक्ष सभाध्यक्षको रुपमा लगनलाल चौधरीले गरेका थिए ।
हालै सम्पन्न निर्वाचनबाट मधेश प्रदेश सभामा यस पटक १० वटा दलले प्रतिनिधित्व गरेका छन । प्रदेशमा एमालेले प्रत्यक्षमा १५ र समानुपातिकमा ८ गरी २३ सिट पाएर सबैभन्दा ठूलो दल बनेको छ । कांग्रेसले प्रत्यक्षमा १३ र समानुपातिकमा ९ गरि २२, जनता समाजवादी पार्टीले प्रत्यक्षमा ९ र समानुपातिकमा ७ गरि १६ तथा जनमत पार्टीले प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरि १३ सिट पाएको छ । त्यस्तै, लोसपाले प्रत्यक्षमा ७ र समानुपातिकमा २ सहित ९, माओवादी केन्द्रले प्रत्यक्षमा ४ र समानुपातिकमा ४ गरि ८ र एकीकृत समाजवादीले प्रत्यक्षमा ४ र समानुपातिकमा ३ गरि ७ सिट पाएको हो ।
यता, राप्रपाले समानुपातिकमा १, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले १/१ सिट पाउँदा ६ जना स्वतन्त्र उम्मेदवार प्रत्यक्ष निर्वाचित भएका छन् । यसअघि २०७४ को निर्वाचनमा प्रदेशसभामा तत्कालीन संघीय समाजवादी फोरम २९ सिटसहित पहिलो दल बन्दा राष्ट्रिय जनता पार्टी २५ सिटसहित दोस्रो र नेकपा एमाले २३ सिटसहित तेस्रो दल बनेको थियो ।



# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ समीक्षा कार्यक्रम वीरगंजमा सम्पन्न

मधेशदृष्टि
वीरगंज पुस ५।
इन्सेक पर्साकोको अयोजनामा मंगलबार नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ प्रकाशन पूर्व वार्षिक समीक्षा कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ । कार्यक्रममा इन्सेक जिल्ला प्रतिनिधि के.सी लामिछानेले पर्सा जिल्लामा सन् २०२२ को जनवरीदेखि हालसम्म अभिलेख गरेका घटनाहरू प्रस्तुत गरेका छन् ।




प्रस्तुत घटनामा ६४ ओटा मानव अधिकार सम्बन्धी घटना रहेका छन् । जस मध्ये १८ वर्ष भन्दा कम उमेरका वालिका बलात्कारको घटना २४ वटा बलात्कार प्रयासका २ वटा, बेचबिखनका ५ वटा, कथित बोक्सी आरोपका २ वटा,बहुविवाहका १२ वटा, १८ वर्ष भन्दा माथिको उमेरका महिलाको बलात्कारका ९ वटा बलात्कार प्रयास ३ वटा, कुटपीटको १ वटा, यौन दूर्ब्यहारका ३ वटा र कार्तब्य ज्यानका ३ वटा घटनाहरु रहेका छन् । पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बलात्कार लगायतका घटनाहरु धेरै देखिएको बताउँदै कानीन कारावाही र सचेतनाको माध्यमबाट यो खाले अपराधको न्यूनकीरणमा जोड दिनु पर्ने धारणा राखे । ढकालले राज्यले नागरिककालागि दिन गरेका प्रतिवद्धताहरुको आपूर्तीमा आफूहरु सचेत रहेको बताउँदै प्रदेश सरकार मातहत रहेका कार्यालयहरुको ब्यवस्थापनमा ध्यान दिनु पर्ने सुझाव दिए। उनले ँउपभोक्ताका अधिकारको संरक्षणमा पनि ध्यान दिन आवश्यक रहेको बताउँदै त्यसकोलागि स्थानीय तहको क्षमता अभिबृद्धिमा ध्यान दिनु पर्ने विचार व्यक्त गरे । इन्सेकले तथ्यमा आधारित रहेर वर्ष पुस्तक प्रकाशन गर्दै आएको र त्यसले देशको मानव अधिकारको अवस्थाको सही चित्रण गर्ने पनि उनले बताए । मानव अधिकार निगरानी समुह पर्साका संचारकर्मीहरुले विभिन्न जिज्ञासा राखेका थिए ।

# नेपाल जेसिजको महाधिवेशन वीरगंजमा

मधेशदृष्टि
वीरगंज, पुस ५ ।
नेपाल जेसिजको ४९ औं राष्ट्रिय महाधिवेशन वीरगंजमा हुने भएको छ । नेपाल पत्रकार महासंघ पर्सा शाखाको सभा कक्षमा मंगलबार भएको पत्रकार सम्मेलन मार्फत सो जानकारी दिईएको हो । महाधिवेशन यहि पुस ७ गते देखि १० गते तिन दिनसम्म वीरगंजको भिष्वा होटलमा हुने जेसी अमर गौतमले जानकारी दिए । महाधिवेशनमा जेसिजका नेपाल भरका १ सय ७७ शाखाका प्रतिनिधिहरु, अन्य देशबाट आमन्त्रित साथै शुभेच्छुक गरी १५ सय जनाको सहभागिता रहने गौतमले बताए । महाधिवेशनको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले गर्ने तय भएको छ । जेसिजले नेतृत्व विकास, सामाजिक गतिविधि लगायत विपतका समयमा समेत सामाजिक उत्तरदायित्वका विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ ।
आर्थिक नगरी वीरगंजमा हुने जेसिजको आगामी महाधिवेशनले वीरगंजको विभिन्न क्षेत्रमा समेत टेवा पुग्ने जेसिज पदाधिकारीहरुले विश्वास लिएका छन् ।

## ट्राफिक कार्वाहीमा तिब्रता

# पाँच महिनामा ८ करोडबढी राजस्व

मधेशदृष्टि
रौतहट पुस ५ ।
रौतहट । मधेश प्रदेशमा ट्राफिक प्रहरीले तिब्ररुपमा कार्वाही सुरु गर्दा ५ महिनामै ८ करोड भन्दा बढी राजस्व संकलन भएको छ।
प्रदेशको आठ जिल्लामा ट्राफिक नियम उलंघन गरि चलेका सवारीसाधन माथी तिब्ररुपमा कार्वाही सुरुगर्दा राजस्व संकलनमा वृद्धि भएको हो। प्रदेश ट्राफिक प्रमुख एसपी नान्तिराज गुरुङको निर्देशन अनुसार गरिएको कार्वाही बाट मात्र ५ महिनाको ८ करोड ७० लाख ४५ हजार राजस्व संकलन गरेको छ । रौतहटमा भने ट्राफिक प्रहरीले ५ महिनाको अवधिमा नियम बिपरित चलेका १३ हजार ८ सय ३२ सवारी लाई गरेको कार्वाही बाट १ लाख ५५ हजार पाँचसय रुपैया राजस्व संकलन भएको जिल्ला ट्राफिक प्रमुख ईन्स्पेक्टर बिमलाकुमारी कठायतले बताएकी छिन। त्यसैगरी यस आर्थिक बर्षको साउन देखि मंसिर मसान्तसम्म ५ महिनाको अवधिमा मधेसप्रदेशको ८ वटै जिल्लामा ट्राफिक नियम बिपरित चलेका १लाख,१९ हजार १सय ७८ सवारीसाधन लाई गरिएको कार्वाही बाट सो राजस्व संकलन भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक ब्यवस्थापन प्रदेश कार्यालय पथलैयाका प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीले बताएका छन ।




यस आर्थिक बर्षको साउन देखि मंसिरसम्म ५ महिनाको अवधिमा प्रदेश भरीमा कुल २ हजार ४ सय ९३ वटा सवारी दुर्घटना भएको छ । दुर्घटनामा परेर कुल ८७ जना मानिसको ज्यान गएको छ। मृत्युहुनेमा १८ जना पुरुष,४४ जना महिला,२५ जना बालबालिकाको रहेको प्रदेश टफिक प्रहरी कार्यालय पथलैयाको तथ्यांकमा उल्लेख रहेको छ । उक्त दुर्घटनामा परेर १ हजार ६ सय ४७ जना घाइते भएका छन । घाइतेहुनेमा २ सय ७५ जना पुरुष,७ सय ४६ महिला, ६ सय २६ बालिका रहेको तथ्यांकमा उल्लेख रहेको छ। प्रदेशमा बढ्दो सवारीको संख्या ,गाउँ गाउँमा बाटो निर्माण,तिब्रगती,तथा ट्राफिक नियमको पालना कमहुनुले दुर्घटना बढेको मधेसप्रदेश ट्राफिक प्रहरी कार्यालय बारा पथलैयाले जनाएको छ।
आर्थिकबर्ष २०७८!०७९ मा मधेसप्रदेश ट्राफिक प्रहरीले कुल २२ करोड ४४ लाख ४० हजार पाँचसय रुपैया राजस्व संकलन गरेको थियो ।

# काली गण्डकीको शिलाबाट बनेका धनुष र रामको प्रतिमा अयोध्याको मन्दिरमा राखिने

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
नेपाली कांग्रेसका पुर्व उपसभापति विमलेन्द्र निधि भारतकोआयोध्यामानिर्माणाधीन राम मन्दिरमा जनकपुरधामको जानकी मन्दिरको तर्फबाट कालीगण्डकी क्षेत्रको शिलाबाट बनेको भगवान श्रीरामको प्रतिमा र धनुष राख्ने प्रयास थालेको छ । नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि गत साउनमा भारत उत्तर प्रदेसको अयोध्या भ्रमणमा उत्त प्रस्ताव भारतीय निकायहरुसँग राखेका छन । ती प्रस्तावमा भारतीइ पक्ष पनि सहमत छन ।
अयोध्याको निर्माणाधीन राम मन्दिरमा जनकपुरधामको जानकी मन्दिर तथा मिथिलाबासीको तर्फबाट धातुको धनुष नेपालमै निर्माण गरी राख्न लगाउने र राम मन्दिरमा राखिने रामको प्रतिमा नेपालको कालीगण्डकी क्षेत्रको शिलाबाट निर्माण गर्ने भारतका सडक परिवहनमन्त्री नितिन गडकरी, मध्यप्रदेसका मुख्यमन्त्री शिवराजसिंह चौहा नलगायतका नेतालाई भेटेर प्रस्ताव राखिसकेका छन ।



उनको ती प्रस्तावमा भारतीय पक्ष सहमत छन । राम मन्दिर निर्माण समितिका अध्यक्ष नृपेन्द्र मिश्र, श्रीराम जन्मभूमि तीर्थ क्षेत्रका महामन्त्री चम्पत राय र भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवाले पनि निधीको प्रस्तावमा सहमत रहेको निधिका निकट विश्वासले बताएका छन ।
कालीगण्डकी क्षेत्रमा मात्र पाइने दूर्लभ शालिग्राम जनकपुरसम्म पुऱ्याउन सरकारको अनुमति पनि स्वीकृति भइसकेको उनको भनाई छ । सरकारले कालीगण्डकी नदी क्षेत्रबाट दुई थान शिला जनकपुरधामस्थित जानकी मन्दिरलाई उपलब्ध गराउन पुस ३ गते स्वीकृति प्रदान गरिसकेको उनले बताए ।
उनका अनुसार मन्त्रिपरिषदको निर्णयसँगै म्याग्दी कालीगण्डकी नदीमा मात्रै पाइने शालिग्राम शिलाको खोजी सुरू भइसकेको छ । मुस्ताङ र म्याग्दी आसपासका क्षेत्रको कालीगण्डकी नदीमा शालिग्राम उत्खनन् र खोजी गर्न सरकारी प्रतिनिधिसहितको एक टोली म्याग्दी पनि पुगेको छ ।मन्त्रिपरिषदको बैठकबारे जानकारी दिँदै सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शिला खोजी गरी जनकपुरधाम लैजान गरिएको प्रस्तावलाई स्वीकृत गरिएको जानकारी दिएका छन ।
उनले भने प्राविधिकसहितको टोलीले म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको शिला निकाल्न असम्भव भएपछि थप माथिल्लो क्षेत्रमा खोजी गरिरहेको छ । त्यहाँबाट शालिग्राम शिला जनकपुरधामस्थित जानकी मन्दिरमा पठाइनेछ ।
तीन दशकअघिसम्म कालीगण्डकी नदीमा अत्याधिक पाइने शिला अहिले सडक सञ्जाल विस्तार, नदीमै राखिएको क्रसर उद्योगको अवैध उत्खनन्न लगायतका कारण लोप हुँदै गएको छ । बेनीको देभानदेखि गलेश्वस आपसपासका क्षेत्रबाट शालिग्राम शिला लैजाने बताइएको छ ।

# मरियम लेदर उद्योगले सोझै सिर्सियामा फोहोर पानी फाल्दै

मधेशदृष्टि
वीरगंज पुस ५।
वीरगञ्जको मरियम लेदर उद्योगले सोझै सिर्सिया नदीमा फोहोर तथा फोहोर पानी फाल्ने गरेको भेटिएको छ । सिर्सिया नदी क्षेत्रमा रहेका उद्योगहरुको अनुगमन गर्न गठित सिर्सिया नदी प्रदुषण नियन्त्रण समितिले मंगलबार अनुगमनका क्रममा यस्तो फेला पारेको हो । उद्योगले छालाबाट निस्केको निरीक्षक साहले जानकारी दिए । त्यस्तै निम्बस उद्योगको उत्पादन अहिले बन्द रहेकाले त्यहाँबाट पानी निकासा नभेटेको पनि उनले बताए । निम्बसले पानी प्रशोधन केन्द्र भने बनाएको छ । नदी आसपासमा कम्तिमा पनि एक सयभन्दा बढी उद्योगहरु रहेको र ती उद्योगले जथाभावी फोहोर पानी फाल्दा अहिले सिर्सिया दुर्गन्धित बनेको छ । महानगरका उपमेयर इम्तियाज आलमको संयोजकत्वमा रहेको टोलीले पहिलो



फोहोर पदार्थका साथै उद्योग संचालन गर्दा निस्केका केमिकलयुक्त दुर्गन्धित फोहोर पानी सोझै सिर्सिया नदीमा फाल्ने गरेको भेटिएको अनुगमन टोलीमा रहेका पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलले बताए । उद्योगबाट निस्केको फोहोर पानी प्रशोधन गरेर मात्रै नदीमा मिसाउनु पर्ने कानुनी व्यवस्था भए पनि यहाँका अधिकांस उद्योगहरुले सोझै दुर्गन्धित पानी नदीमा फाल्दै आएका छन् ।
मरियम लेदर उद्योगमा पनि पानी प्रशोधन केन्द्र नभेटिएको महानगरका वातावरण निरीक्षक प्रदीप साहल बताउँछन् । अनुगमन टोलीले मरिअमसहित नारायणी लेदर र निम्बसको पनि अनुगमन गरेको छ। अनुगमन गरेकामध्ये नारायणी लेदरले फोहोर पानी प्रशाधन गरेर फाल्ने गरेको भेटिएको महानगरका वातावरण चरणमा अनुगमनलाई निरन्तरता दिएको हो । निर्वाचनमा सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्दै स्वच्छ बनाउने प्रतिबद्धता जनाएका महानरका मेयर राजेशमान सिंहले निर्वाचनका बेला सिर्सिया नदी प्रदुषण नियन्त्रण गर्दै स्वच्छ बनाउने प्रतिबद्धता जनाएका थिए । त्यही अनुरुप नदीमा भइरहेको प्रदुषण नियन्त्रण गर्दै स्वच्छ बनाउन पहिलो चरणमा अनुगमन अघि बढाइएको उनले बताउनुभयो ।
अनुगमन गर्न गएको टोलीमा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी पौडेल, महानगरको वातावरण शाखा प्रमुख देवेन्द्र चौधरी, प्रहरी निरीक्षक दावा तेन्जी शेर्पा, वीरगञ्ज उद्योग वाणिज्य संघका अनिल कुमार अग्रवाल लगायतको सहभागिता रहेको थियो ।

# जनकपुर रोयल्सको सहायक प्रशिक्षमा शाहिद

मधेशदृष्टि
जनकपुरधाम, पुस ५ ।
जनकपुर रोयल्सले नेपाल टी-२० लिगको आगामी सिजनका लागि शाहिद मोहम्मदलाई सहायक प्रशिक्षकमा नियुक्त गरेको छ। जनकपुर रोयल्सले मंगलबार शाहिदलाई सहायक प्रशिक्षकमा नियुक्त गरेको जनाइएको छ । जनकपुर रोयल्सले यसअघि नेपाल राष्ट्रिय क्रिकेट टोलीका पूर्वप्रशिक्षक उमेश पटवाललाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको थियो ।
मुख्य प्रशिक्षक पटवालले नेपालसँगै अफगानिस्तान, युएई र भारतका स्थानीय क्लब हेरेका छन् । नेपाल क्रिकेट संघले पहिलो पटक आयोजना हुन गर्न लागेको टी २० लिगमा ६ टोलीको सहभगिता रहने जनाइएको छ । जनकपुरको मार्की खेलाडीमा सोमपाल कामी छन् भने विदेशी खेलाडीको रुपमा शराफुद्दीन अशरफलाई अनुबन्ध गरिएको छ । यसैबीच आगामी नेपाली टि-२० लिगका लागि जनकपुर रोयल्सले विदेशी खेलाडी क्याडविक वाल्टनलाई टिममा सामेल गरेको छ । वेस्टइन्डिज टिमका तर्फबाट अन्तर्राष्ट्रिय टि-२० प्रतियोगिता खेलिसकेका वाल्टनलाई जनकपुर रोल्यसले टिममा सहभागी गराएको छ । रोल्यस जनकपुर टिमका मालिक गोविन्द खन्डेवालले विदेशी खेलाडीका रूपमा वाल्टनलाई टोलीमा सहभागी गराउन पाउँदा आफू खुशी भएको बताएका छन् । 'अगामी सिजनका लागि हामीले विदेशी खेलाडीका रूपमा वाल्टनलाई साइन गरेका छौं ।




जनकपुर रोयल्स टिममा सोमपाल कामी, सन्दीप जोरा, मोहम्मद आदिल आलम, दिलिप नाथ, ललित राजवंशी, सुसान भारी, सागर पुन, पवन सर्राफ, जितेन्द्र मुखिया, खड्क बोहरा, राजेश पुलामीलगायतका खेलाडीहरू रहेका छन् । जनकपुर रोयल्सले आफ्नो पहिलो खेल आगामी २४ डिसेम्बरमा पोखरा एभेन्जरविरूद्ध खेल्ने जनाइएको छ ।

# हटाइयो बेबारिसे ट्रक



मधेशदृष्टि
वीरगञ्ज पुस ५।
वीरगञ्जको बाइपास सडक छेउमालामो समयदेखि पार्किङ गरेर छाडेको बेवारिसे ट्रक वीरगञ्ज महानगरपालिकाले हटाएको छ ।
महानगरले सडक पेटीमा राखेका निर्माण सामग्रीतथा सवारी हटाउने अभियानका क्रममा बाइपास सडकमा लामो समयदेखी वेवारिसे रुपमा छाडेको ना ३ ख ९२९५ नम्वरको ट्रक हटाएको हो । वडा नम्वर १५ लक्ष्मनवा स्थित बाइपास सडक छेउमा पार्किङ गरेर राखेको वेवारिसे ट्रकलाई महानगरपालिकाले नियन्त्रणमा लिएर अहिले बालमन्दिरको चौरमा राखेको छ । यसैवीच अभियानकै क्रममा सडक पेटीमा राखिएका निर्माण सामग्री हटाउनुका साथै फुटपाथमा राखिएका ठेला तथा पसल हटाइएको वीरगञ्ज महानगरपालिकाका सरसफाई प्रमुख सरफुद्धिन मियाँले जानकारी दिनुभयो ।
सडक छेउ, फुटपाथ र नाला माथि जथाभावी निर्माण सामग्रीतथा ठेला राखेर व्यवसायगर्दा तथा सवारी पार्किङ गर्दा पैदल हिँड्न र सवारी दुर्घटनासमेत हुन सक्ने देखिएकाले महानगरले त्यसलाई हटाउन थालेको हो । आज फुटपाथ अतिक्रमण नियन्त्रण र पार्किङ कार्यान्वयनकालागि खटिएको अभियानमा वीरगञ्ज महानगरपालिकाका सरसफाई प्रमुख सरफुद्धिन मियाँ, नगरप्रहरी प्रमुख हरि भुषाल लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल